# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३३६ | काठमाडौं | मंगलबार, १९ चैत २०८१ | Prabhab National Daily | Tuesday, April 01, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




इस्लाम धर्मावलम्बीहरूको पर्व इदको अवसरमा वीरगञ्ज महानगरपालिका–२ स्थित इदगाहचोकमा सामूहिकरूपमा नमाज पढ्दै इस्लाम धर्मावलम्बीहरू । *तस्बिर: रासस*

# देश बनाउने मार्गचित्र कोर्दै रास्वपा

## उपसभापतिद्वय डोलप्रसाद अर्याल र डा. स्वर्णिम वाग्ले नेतृत्वको कार्यदललाई 'मिसन ब्लु प्रिन्ट' तयार गर्ने जिम्मा

■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको अवस्था बिग्रिएको हरेकजसोले टिप्पणी गर्छन् । बिग्रिएको कारण पनि सुनाउँछन् तर बनाउनेचाहिँ कसरी ?

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यससम्बन्धी स्पष्ट मार्गचित्र बनाउने भएको छ । मार्गचित्रलाई रास्वपाले 'मिसन ब्लु प्रिन्ट' भनेको छ । रास्वपा प्रवक्ता मनिष झाका अनुसार मिसन ब्लु प्रिन्ट समृद्ध नेपाल बनाउने व्यवस्थित योजना हुने छ ।

'देश राम्ररी नचलेको त सबैले भनेका छन् । उसो भए देश चलाउने योजना त चाहियो होला नि त । अनि अहिलेको अवस्था र अभ्यास गलत हो भन्ने कुरा सबैले स्वीकारेका छन् तर सही के हो ?,' उनले प्रभावसँग भने, 'त्यसको खाका मिसन ब्लु प्रिन्ट हो र जुन समृद्ध नेपाल निर्माणको चित्र पनि हुने छ ।'

मिसन ब्लु प्रिन्ट तयार गर्न रास्वपाले कार्यदल गठन गरेको छ । सोमबार पार्टी केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय समिति बैठकले उपसभापतिद्वय डोलप्रसाद अर्याल र डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन गरेको हो ।



कार्यदलमा पूर्वमन्त्रीहरू सुमना श्रेष्ठ, शिशिर खनाल, विराजभक्त श्रेष्ठ र डा. तोसिमा कार्की सदस्य छन् । कार्यदलले विभिन्न विद्यागत क्षेत्रमा विशेषज्ञता हासिल गरेका सरोकारवाला व्यक्तिहरूसँग छलफल र संवाद गर्ने छ । उनीहरूबाट राय र सुझाव लिने छ । त्यस आधारमा मिसन ब्लु प्रिन्ट तयार गर्ने कार्याधिकार कार्यदललाई रहेको प्रवक्ता झाले बताए । उनले आगामी पार्टी महाधिवेशनमा मिसन ब्लु प्रिन्ट प्रस्तुत गर्नुपर्ने बताए ।

क्रमश: पृष्ठ २ मा

### पाँच महिनापछि नेतृत्वमा फर्किए रवि

सहकारी ठगी प्रकरणसँग जोडिएर सम्पत्ति शुद्धीकरणकोसमेत मुद्दा सामना गर्नुपरेपछि सांसद पदबाट निलम्बित रास्वपा सभापति रवि लामिछाने पार्टी राजनीतिमा सक्रिय भएका छन् । उनले सोमबार पार्टीको चुनाव चिह्न घण्टी बजाएपछि राष्ट्रिय झण्डालाई तीनपटक ढोगेर पार्टी बैठकको सभापतित्व ग्रहण गरे ।

क्रमश: पृष्ठ २ मा

# प्रशंसामा विपक्षी दल मक्ख एकैसाथ तीन मुद्दा सामसुम


■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार सदनमा प्रतिपक्षीको प्रश्नको जवाफ दिएसँगै एकैसाथ तीन विषय सामसुम भएको छ । पछिल्लोपटक ओली नेतृत्वको सरकारको कार्यशैलीका कारण प्रतिपक्ष रुष्ट भए पनि ओलीले एकै सम्बोधनमा तीन विषय सामसुम बनाएका हुन् ।

गत साउनको मसान्तमा नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको शक्तिशाली सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई चैत ११ गते हटाएसँगै सदन अवरुद्ध भएको थियो । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले यही विषयमा जवाफ माग्दै सदन अवरुद्ध पार्दा सरकारले ल्याएको अध्यादेश अलपत्र परेको थियो । यही बीचमा चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शन हिंसात्मक बन्दा सरकारको सुरक्षा व्यवस्थापनमाथि प्रश्न उठेको थियो ।

यही विषयमा आइतबारको सदन चर्काचर्कीकै कारण स्थगित हुन पुग्यो । सोमबारको प्रतिनिधिसभामा भने प्रधानमन्त्री ओलीले १५ गते समाजवादी मोर्चाले भृकुटीमण्डपमा गरेको कार्यक्रमको प्रशंसा गरे भने तीनकुनेको प्रदर्शनको आलोचना । समाजवादी मोर्चामा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र, एकीकृत समाजवादी संलग्न छन् । 'समाजवादी मोर्चाले काठमाडौंको प्रदर्शनमार्गमा भव्य सभा गर्‍यो । सरकारलाई खबरदारी गर्‍यो । संविधान र व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता जनायो । शालीन जुलुससहित भएको उक्त कार्यक्रमका आयोजकलाई धन्यवाद व्यक्त गर्दछु,' ओलीले भने । ओलीको प्रशंसामा माओवादी केन्द्र र एकीकृत समाजवादीले दुईपटक टेबल ठटाउँदै खुसी व्यक्त गरे ।

जसकारण माओवादी केन्द्रले कुलमानमाथि उठाएको मुल मुद्दालाई त्यतिसारो वास्ता गरेन । यसलाई ओलीले स–साना विषय भन्दै सजिलैसँग



- प्रधानमन्त्री ओलीले १५ गते समाजवादी मोर्चाले भृकुटीमण्डपमा गरेको कार्यक्रमको प्रशंसा गरेसँगै प्रतिपक्ष दलले छाडे कुलमान घिसिङ पुनर्बहालीको माग
- पूर्वराजाको अगुवाइमा तीनकुनेमा भएको प्रदर्शनमा हिंसात्मक गतिविधिमा संलग्नलाई नछाड्ने प्रधानमन्त्री ओलीको जवाफ

पन्छाइदिए । 'केही दिनयता संसद् अवरुद्ध छ । सुशासनमा कमी–कमजोरी भएका विषयमा प्रश्न उठ्नु स्वाभाविक छ । सरकारका कामकारबाहीप्रति प्रश्न उठाउने वा समर्थन गर्ने स्थल नै यस सम्मानित सदन हो,' ओलीले भने, 'तर अहिले विषय सामान्य छ, एकजना कर्मचारीको विषयमा प्रश्न उठेको छ । सदन अवरुद्ध छ, यसबाट महत्त्वपूर्ण संसदीय कार्यमा बाधा पुगेको छ ।'

राष्ट्रसेवक कर्मचारीहरूको गुण र दोष टिप्पणी गर्ने स्थल संसद् नरहेको ओलीले उल्लेख राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र दोषीलाई कारबाही गर्ने विधि सदनले निर्धारण गरेको र उक्त विधिअनुसार नै सरकारले काम गर्ने बताए । कुनै कर्मचारीबाट विभागीय मन्त्रीले सहयोग पाएन भने काम गर्न नसकिने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसबाट मन्त्रीको नियत सही हो वा गलत हो भन्ने परीक्षण हुनेसमेत स्पष्ट पारे ।

'कुनै पनि कर्मचारीबाट विभागीय कानुनप्रति र मन्त्रीप्रति लोयल्टी फिल भएन भने कर्मचारीबाट असहयोग हुँदा सरुवा गर्ने, जगेडामा राख्ने, स्पष्टीकरण माग्ने, नसिहत–चेतावनी दिने वा पदमुक्त गर्नेसम्मका कार्य स्वभाविक एवं कानुनसम्मत रहेको छ,' ओलीले भने । सर्वोच्च अदालतमा विचाराधीन रहेको यो विषयमा थप चर्चा गर्न आवश्यक नरहेको उनको भनाइ थियो ।

### पाँच विधेयक प्रमाणीकरण

कुलमान प्रकरणबाट पार पाएसँगै सरकारले ल्याएको पाँच अध्यादेश पनि ऐन बनेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनबाट पारित भई पेस भएका विभिन्न पाँचवटा विधेयक प्रमाणीकरण गरेसँगै ऐन बनेको हो । राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले सोमबार विज्ञप्ति जारी गरी प्रमाणीकरणका लागि पेस भएका विधेयकहरू संविधानको धारा ११३ को उपधारा २ बमोजिम राष्ट्रपतिले प्रमाणीकरण गरेको जानकारी दिइन् ।

प्रमाणीकरण भएका विधेयकहरूमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयक,

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा जाने कामदारलाई आर्थिक भार थप्दै सरकार

- स्वास्थ्यपरीक्षण शुल्क एकैपटक तीन हजार रुपैयाँले बढाइयो
- मेडिकल व्यवसायी असन्तुष्ट

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि जाने कामदारलाई सरकार आफैंले आर्थिक भार थप्ने काम गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कामदारको स्वास्थ्यपरीक्षण शुल्क एकैपटक तीन हजार रूपैयाँले बढाउने निर्णय कार्यान्वयनमा ल्याउन लागेको हो । यसका लागि आवश्यक तयारीका लागि मन्त्रालयले सूचनामार्फत स्वास्थ्यपरीक्षण गर्ने संस्थाहरूलाई निर्देशन दिएको छ ।

श्रममन्त्री शरतसिंह भण्डारीले मन्त्रीस्तरीय निर्णयाट शुल्क बढाएका हुन् । जसअनुसार अब श्रमिकले स्वास्थ्यपरीक्षण गर्न नौ हजार ५०० रूपैयाँ तिर्नुपर्ने मन्त्रालयले शुक्रबार जारी गरेको सूचनामा उल्लेख छ । हाल छ हजार ५०० रूपैयाँ रहेको शुल्कमा तीन हजार रूपैयाँ थपिएको हो ।

मन्त्रालयले स्वास्थ्यजन्य जोखिम र दुर्घटना न्यूनीकरण गरी स्वास्थ्यपरीक्षणलाई थप व्यवस्थित, मर्यादित र गुणस्तरीय बनाउन परीक्षणको दायरा बढाउने निर्णय गरेसँगै शुल्क बढ्ने भएको जानकारी दिएको छ । वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्यपरीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदलको प्रतिवेदन,





२०८१ र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ बमोजिमको विशेषज्ञ समितिको सिफारिसमा उक्त निर्णय कार्यान्वयनमा आएको जनाइएको छ । श्रममन्त्री शरतसिंह भण्डारीले गत चैत ८ गते विभिन्न निर्णय कार्यान्वयनमा लैजाने निर्णय गरेका थिए ।

मन्त्रालयको सूचनाअनुसार स्वास्थ्यपरीक्षण सेवालाई गुणस्तरीय बनाउन अब ३४ प्रकारका परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । रोजगारीमा जाने कामदारलाई सहुलियत हुनेगरी सबै परीक्षणको शुल्क प्याकेजमा नौ हजार ५०० रूपैयाँ कायम गरिएको उल्लेख छ । परीक्षणको नयाँ दर नै वैज्ञानिक भएको मन्त्रालयको जिकिर छ ।

थपिएको परीक्षणमा श्रमिकको मिर्गौला, थाइराइड, सुगरसम्बन्धी विशेष जाँचलगायत छन् । विगतमा २०–२५ वटा परीक्षण गर्दै आएको एक व्यवसायीले बताएका छन् । सूचीकृत स्वास्थ्य संस्थाहरूले सूचना प्रकाशन भएको मितिबाट दुई महिनाभित्र आवश्यक पूर्वाधार तयार गरी मन्त्रालयबाट निरीक्षण गराउनुपर्ने छ । यसरी कार्यविधिबमोजिमको पूर्वाधार तयार नगर्ने स्वास्थ्यपरीक्षण संस्थाको सूचीकरण एवं नवीकरण खारेज गरिने मन्त्रालयले जनाएको छ ।

जारी सूचनाअनुसार स्वास्थ्यपरीक्षण कार्यलाई विद्युतीय प्रणालीमा लैजानेगरी आवश्यक तयारी गर्न विज्ञ समिति गठन गरी एक महिनाभित्र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइएको छ । मन्त्रालयले तोकिएबमोजिमका परीक्षण सम्पन्न गरी वैदेशिक रोजगार विभागमा अपलोड गरेपश्चात्मात्र वैदेशिक रोजगारमा जाने कामदारको अन्तिम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेको छ । वैदेशिक रोजगारमा जाने कामदारलाई स्वास्थ्य सचेतना वृद्धि गर्ने गरी पूर्वप्रस्थान तालिमको पाठ्यक्रममा स्वास्थ्यसम्बन्धी थप विषय समावेश गर्न वैदेशिक रोजगार बोर्डलाई पत्राचारसमेत गरेको जनाएको छ ।

मन्त्रीस्तरीय निर्णयसँगै निर्देशन पनि जारी भएकाले यसका लागि धमाधम काम थालिएको श्रम मन्त्रालयले जनाएको छ । आवश्यक काम सकिनेबित्तिकै नयाँ शुल्कसहितका अन्य प्रावधानहरू लागू हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

क्रमश: पृष्ठ २ मा




# माकलबारीमा गाडिएको शव फेला, छ जना पक्राउ

**काठमाडौं (प्रस)**- काठमाडौंको गोकर्णेश्वर नगरपालिका-८ माकलबारीमा गाडिएको अवस्थामा एक युवकको शव फेला परेको छ। सर्लाहीको चक्रघट्टा गाउँपालिका-८ का १९ वर्षीय राहुल साहको शव माकलबारीमा सञ्चालित आरके मोटरसाइकल वर्कसपको पछाडि रहेको जमिनमा गाडिएको अवस्थामा फेला परेको हो ।

प्रहरीले उक्त घटनामा संलग्न भएको आरोपमा एक भारतीय नागरिकसहित पाँच नेपालीलाई पक्राउ गरेको छ । लेनदेनको विषयलाई लिएर उनको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

गोकर्णेश्वर नगरपालिका-५ बाहुनधारामा बसोबास गर्दै आएका साह यही चैत ११ गतेदेखि हराइरहेको भनी प्राप्त सूचनाका आधारमा प्रहरी वृत्त बौद्धको टोलीले खोजी थालेको थियो । प्रहरीले उक्त घटनामा संलग्न सर्लाहीको चक्रघट्टा गाउँपालिकाका २२ वर्षीय निपु मण्डल, सोही ठाउँका १८ वर्षीय विजय यादव, १८ वर्षीय करनकुमार महतो, २३ वर्षीय जोधन मण्डल र ४५ वर्षीय उत्तम मण्डल तथा भारतीय नागरिक २९ वर्षीय २९ सुनिल शर्मालाई पक्राउ गरेको छ ।

निजहरूलाई काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## हार्दिक बधाई तथा शुभकामना

राष्ट्रिय विज्ञापन संघ नेपाल (नान)को मिति २०८१ चैत्र १५ गते सम्पन्न दोस्रो बार्षिक साधारण सभा तथा पहिलो अधिवेशनबाट निर्विरोध नव निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।




कृष्ण कार्की
प्रबन्धक निर्देशक
तथा
**प्रभाव दैनिक परिवार**
सिफल-७, काठमाडौं, फोन नं.०१-४३७३५७७


## पृष्ठ १ बाट क्रमशः

### प्रशंसामा विपक्षी...

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक रहेका छन् । विधेयक संघीय संसद्का दुवै सदनबाट सोमबार नै पारित भएका थिए ।

#### पूर्वराजामाथि आक्रामक

प्रधानमन्त्री ओलीमाथि पूर्वराजा ज्ञानेन्द्र शाहको आह्वानमा तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनसम्बन्धमा पनि प्रश्न उठेको थियो । यसबारे प्रधानमन्त्री ओलीले आपराधिक घटनामा संलग्न कसैले पनि उन्मुक्ति नपाउने बताए ।

'यसमा तत्कालीन राजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न । फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृंखलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नुपर्दैन ? मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमान्डर, इतिहासले कुनामा फर्याँकेका व्यक्ति अभियानका संयोजक, धनजनको क्षति र लुटपाट... शासक बन्ने मनसुवा बोक्ने व्यक्ति सिरकभित्र चुपचाप कसरी हुन सक्छ ? यी सबै घटनाको मुल जिम्मेवार उहाँ हो, उहाँले लिनुपर्छ,' ओलीले भने ।

प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्रीको सम्बोधनपछि सांसद ज्ञानेन्द्रबहादुर शाहीले प्रधानमन्त्रीले कसैलाई होच्याउने शब्द बोलेको भन्दै रेकर्डबाट हटाउनुपर्ने माग गरेका थिए । ओलीले तीनकुनेको प्रदर्शनका नेतृत्व दुर्गा प्रसाईंलाई 'कथित कमाण्डर' भनेका थिए । त्यसपछि पटक-पटक उठेर शाहीले नियमापत्तिको माग गरेका थिए । प्रधानमन्त्री सम्बोधन जारी राख्दा सभामुख देवराज घिमिरे पनि बीचबीचमा निर्देशन दिइरहँदा सदन गोलमाल सुनिन्थ्यो ।

शाहीपछि एमालेका प्रमुख सचेतक महेश बर्तौलाले संसद्मा लगातार व्यवस्था र संविधानविरुद्धमा विभिन्न गतिविधि भइरहेको उल्लेख गर्दै प्रधानमन्त्रीको सम्बोधनका क्रममा विरोध जनाइएकामा आपत्ति जनाएका थिए ।

#### थाइल्यान्ड जाने जानकारी पनि सदनमै

प्रधानमन्त्री ओली थाइल्याण्डको औपचारिक भ्रमणमा जाने भएका छन् । बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुन ओली आज त्यसतर्फ जान लागेका हुन् । कूटनीतिकसम्बन्ध स्थापना भएको ६५ वर्षपछि नेपालको प्रधानमन्त्रीको पहिलोपटक थाइल्याण्डको औपचारिक भ्रमण हुन लागेको ओलीले बताए ।

प्रधानमन्त्री ओलीले नेपालीको निकट छिमेकीबाहेकका देशहरूको भ्रमणमा 'गेट-वे'को रूपमा रहेको बैंककमा अहिलेसम्म औपचारिक भ्रमण नभएको सन्दर्भमा यो भ्रमण आफैंमा महत्त्वपूर्ण हुने बताए । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीको थाइल्याण्डका नरेश र समकक्षीसँग भेटवार्ता हुने छ ।

भ्रमणका अवसरमा पर्यटन र संस्कृतिसँग सम्बधित दुई समझदारीपत्रमा हस्ताक्षर हुने छ । यसैगरी दुई देशका प्रधानमन्त्रीको उपस्थितिमा गैरसरकारी क्षेत्रबीच छ समझदारीपत्रमा हस्ताक्षर हुने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीले भ्रमणका अवसरमा थाइल्याण्डका प्रतिष्ठित व्यावासायीहरूसँग छलफल गर्ने र एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने जानकारी दिए । प्रधानमन्त्री ओलीले 'बिम्स्टेक' शिखर सम्मेलनलाई यही चैत २२ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

■■■

### देश बनाउने...

'हामीले २०८२ को वैशाखमा पार्टी महाधिवेशन गर्ने भनेका छौं र त्यही महाधिवेशनमा मिसन ब्लु प्रिन्ट प्रस्तुत हुन्छ र छलफल गरी पारित गर्छौं,' झाले भने, 'त्यहीअनुसार कार्यदल तयारीमा जुट्छ ।'

रास्वपा देश बनाउने भन्दै उदाएको दल हो । देश बिग्रिएको, भ्रष्टाचारको दलदलमा फसेको र यसमा कांग्रेस, एमाले, माओवादीलगायतका नेताहरू जिम्मेवार रहेको रास्वपाको ठहर छ । गत आमचुनावमा रास्वपाको चुनावी एजेण्डा यही थियो । कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीदेखि माओवादी अध्यक्ष पुष्पकमल दाहालले देशलाई बर्बादीतर्फ लगेको भन्दै उनीहरूविरुद्ध रास्वपाले 'नो नट अगेन' अभियान नै चलाए । तर, उनीहरू चुनाव जितेर संसद्मा आए । चुनावपछि देउवाबाहेक दाहाल र ओली प्रधानमन्त्री भइसके । दाहालको सरकारमा रविकै नेतृत्वमा रास्वपा दुईपटक सहभागी भयो । त्यति हुँदा पनि रास्वपा नेताहरूकै शब्दमा भन्दा बिग्रिएको देश बनेन ।

मतदाताहरूले पनि रास्वपाका नेताहरूलाई सोध्न थालेका छन्- 'खोइ देश बनायौं त ?' यो प्रश्न गएको चुनावमा रास्वपाबाट उम्मेदवार बनेकाहरूलाई मत दिने मतदाताहरूले सोध्दै आएका छन् । संसद्मा पुराना दलका नेताहरूले 'हा हु...' गरेर चुनाव जित्नेसँग देश बनाउने भिजन नै नभएको टिप्पणी गर्दै आएका छन् ।

यस्तोबेला रास्वपाले मिसन ब्लु प्रिन्ट नाम दिएर राष्ट्र निर्माणको खाका तयार गर्ने भएको हो । हालसम्म कुनै राजनीतिक दलले देश निर्माण गर्न खाका तयार गरेका छैनन् । यदि, रास्वपाले बनाएको अवस्थामा त्यो पहिलो हुने छ ।

रास्वपाले यसबाहेक लिडरसिप एकेडेमीलाई चलायमान गर्ने भएको छ । रास्वपाको लिडरसिप एकेडेमी अन्य पार्टीको स्कुल विभागजस्तै हो । पार्टी सहमहामन्त्रीद्वय सुमना श्रेष्ठ र विपिनकुमार आचार्यलाई एकेडेमी व्यवस्थित बनाउने जिम्मेवारी सोमबारको पार्टी बैठकले तोकेको छ ।

प्रवक्ता झाले भने, 'हाम्रो पार्टीका कतिपय नेताहरूको क्षमता अभिवृद्धि गर्नुछ । विदेशतिर चाहिँ अर्को पुस्ता नेतृत्व तयार गर्न प्रशिक्षणमार्फत क्षमता अभिवृद्धि गर्ने गरिन्छ । त्यहीअनुसार हामी पनि क्षमता अभिवृद्धि गर्दै नेतृत्व जन्माउन चाहन्छौं, त्यो काम अब हुन्छ ।'

रास्वपा बैठकले पार्टीको जनयात्रा कार्यक्रमको कार्यविधिलगायतको संयोजन जिम्मेवारी संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठलाई तोकिएको छ ।

■■■

### पाँच महिनापछि...

साढे पाँच महिनापछि पार्टी कार्यालयबाट उनी सरकारविरुद्ध चर्को सुनिए ।

'मलाई लागेको थियो, म शान्त बसौंला तर टाउको माथि तरबार झुन्ड्याइयो । तरबार राख्यो भने डराउँछ होला भन्ने लागेको थियो होला,' उनले भने, 'कुनै पनि बेला शिरमाथि राखेको तरबार खसाल, म थाप्न तयार हुन्छु, म लड्छु, जुनसुकै शक्तिसँग एक्लै लड्छु ।'

शरीरमा एक थोपा रगत रहुञ्जेलसम्म लोकतन्त्रको नाममा हुने लुटतन्त्रको विरोध गर्ने बताए । उनले सरकराले आफूलाई ज्युँदो छाडेको भन्दै त्यो आफ्नो जित भएको बताए । लामिछाने २ कात्तिकमा सहकारी ठगी प्रकरणमा पक्राउ परेका थिए । यसबीचमा उनलाई पोखरा, काठमाडौं, रूपन्देही र चितवन अदालतले धरौटीमा रिहा गरेका छन् । तर, मुद्दा भने विचाराधीन छ । विचाराधीन भएकै अवस्थामा उनी पार्टी राजनीतिमा सक्रिय भएका हुन् ।

■■■

### वैदेशिक...

'स्वास्थ्यपरीक्षणको विवरणलाई विद्युतीकरण गर्न सफ्टवेयर निर्माण गर्न केही समय लाग्छ । त्यसैगरी सेवाप्रदायक संस्थाहरूलाई पूर्वाधारयुक्त हुन भनिएको छ । यो सब सकिएपछि कार्यान्वयनमा गइहाल्छ,' घिमिरेले बताए । सकेसम्म चाँडो सक्ने योजना रहेको उनको भनाइ छ ।

नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाइँले भने सरकारले आफूहरूसँग कुनै समन्वय नगरी निर्णय गरेको बताए । यस विषयमा के गर्ने भन्ने विषयमा व्यवसायीहरूसँग छलफल चलिरहेको उनले बताए । 'पूर्वाधार तयार गर भनेर दुई महिना छुटचाएको छ । यो विषय हाम्रो लागि चुनौतीपूर्ण छ,' बजगाइँले भने ।

तर, मन्त्रालय भने यो स्वीकार्न तयार छैन । मन्त्रालयका प्रवक्ता घिमिरेले सबै व्यवसायीसँग छलफल गरेर नै शुल्क बढाउने निर्णय कार्यान्वयनमा ल्याइएको बताए । 'सबैसँग समन्वय भएको छ । हरेक कुरामा पक्ष-विपक्ष दुवै समूह हुन्छन्, यसलाई स्वाभाविकरूपमा लिनुपर्छ । सबैको कुरा सुनेर निर्णय कार्यान्वय गर्ने स्थिति हुन्छ, हुँदैन आफैं विचार गर्नुहोस्,' उनले प्रभावसँग भने ।

रोजगारीमा गएका नेपाली श्रमिकलाई विभिन्न खाले स्वास्थ्य समस्या देखिँदा कतिपयको त ज्यानै पनि जाने गरेको छ । साथै, यहाँ गरिने स्वास्थ्यपरीक्षणको विषयमा गन्तव्य देशहरूलेसमेत प्रश्न उठाउँदै आएका छन् । मन्त्रालयद्वारा गठित विशेषज्ञसहितको अनुगमन टोलीले गत भदौ १२ गते स्वास्थ्य संस्थाहरूको अनुगमन तथा निरीक्षण गर्दा स्वास्थ्यपरीक्षणमा चरम लापरबाही भेटिएको थियो । श्रमिकको स्वास्थ्यपरीक्षण नै नगरी रिपोर्ट तयार गर्ने, 'सी ग्रेड'को ल्याब सञ्चालनको स्वीकृति पाएको, मेसिन नभएकोलगायतका समस्या फेला परेको थियो । श्रमिकको स्वास्थ्यपरीक्षणलाई गुणस्तरीय र डिजिटलाइज्ड गर्दा यस्ता यावत् समस्याको हल हुने अपेक्षा गरिएको छ ।


**युएइमा रोजगार** कम्पनी : RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/१८ LT. No. 321413 चलानी नं. ६०२३५४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४४,६६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician. | 10 | 0 | 1300 | ४८,३८५ | | | | | | | |
| 3 | Laundry Man | 50 | 0 | 1000 | ३७,२१९ | | | | | | | |
| 4 | Maintenance Helper | 10 | 0 | 1000 | ३७,२१९ | | | | | | | |
| 5 | Office Boy | 10 | 0 | 1000 | ३७,२१९ | | | | | | | |
| 6 | Office Cleaner | 50 | 0 | 1000 | ३७,२१९ | | | | | | | |
| 7 | Painter | 10 | 0 | 1200 | ४४,६६६३ | | | | | | | |
| 8 | porter/helper | 25 | 0 | 900 | ३३,४८७ | | | | | | | |
| 9 | Room Boy | 15 | 0 | 1000 | ३७,२१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २६ गते (8th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

**साउदीमा रोजगार** कम्पनी BIN JARALLAH GROUPFOR FACILITIES MANAGEMENT IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ LT. No. 321134 चलानी नं. ६०२३५४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 1 | 0 | 1000 | ३६,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २६ गते (8th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

**मलेसियामा रोजगार** कम्पनी : SRI LARA JOINT SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/१८ LT. No. 321364 चलानी नं. ६०२३५४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 34 | 0 | 1700 | ५२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २६ गते (8th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : ASIAN SECURITY SERVICES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/१८ LT. No. 321376 चलानी नं. ६०२३५४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 30 | 0 | 1700 | ५२,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत २६ गते (8th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

# तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिध सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**०१:-पि.आर.ओ (महिला/पुरुष)**
**माग संङ्ख्या:-(०५ जना)**

Qualification for PRO : Must have minimum experience of PRO 3-4 years & +2 cleared

सम्बन्धीत क्षेत्रमा ३-४ बर्षको अनुभवी अंग्रेजी राम्रोसंग बोल्न लेख्न र कम्प्युटरको ज्ञान भएको तलब : आपसी समझदारीमा

CENTRAL CAPITAL SERVICES PVT.LTD.
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१९*

यस ढोका बसेरी महिला सा.व.उ.स.हरिहरपुरगढी गा.पा.५, सिन्धुलीबाट आ.व.२०७९/०८० मा उत्पादन भई द्वावारखोला, हरिहरपुरगढी गा.पा.५, सिन्धुलीमा घाटगद्दी गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ४६ को ३२४.६९ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री ढोका बसेरी महिला सा.व.उ.स.**
**हरिहरपुरगढी गा.पा.५, सिन्धुली**

कोशी प्रदेश
स्वास्थ्य मन्त्रालय
## प्रादेशिक अस्पताल भद्रपुर, झापा

### राशन आपूर्तिको लागि विद्युतीय माध्यमबाट बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/१९ गते**

यस अस्पतालको चालु आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार उपचारको क्रममा यस अस्पतालमा बेडमा भर्ना (Admit) हुने विरामीहरूलाई मिति २०८१ साल जेष्ठ महिनादेखि २०८२ साल पुस मसान्तसम्मको लागि राशन सिधा आपूर्ति गर्ने कार्य विद्युतीय माध्यमको बोलपत्रवाट खरिद गर्नुपर्ने भएकोले मु.अ.करमा दर्ता भएका नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी, संस्था वा सप्लायर्सहरूबाट रितपूर्वकको सिलबन्दी बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाइट www.bolpatra.gov.np मार्फत पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । यससम्बन्धी विस्तृत जानकारी एवम् शर्तहरू बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| PH/Koshi/ NCB-14/ 081/082 | Procurment of direct Rasan supply for Admited Patients in Provincial Hospital Bhadrapur Jhapa | 3000 | 112000 | |

## महादेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८१/१२/१९

प्रस्तुत बिषयमा यस महादेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बथनाहा सप्तरीको मिति २०८१/११/१३ गते प्रकाशित सूचना बमोजिम तोकिएको मिति भित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिको मिति २०८१/१२/१७ गतेको निर्णय बमोजिम देहायको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृतिको लागी छनौट भएको हुँदा ऐ. ऐन को दफा २७ को उपदफा २ तथा सोही ऐन को दफा ४७ प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागी यो सूचना प्रकाशन गरीएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृतको लागि छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | रकम (मु.अ.क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | MRM-HEALTH-1-2081/082 | औषधि तथा सर्जिकल सामान खरिद | श्री मुठ्ठी इन्टरप्राइजेजप्रा.लि., धापासी, काठमाण्डौ | ४२,४७,१६०।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रधानमन्त्री ओलीको थाइल्याण्ड भ्रमण आजदेखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली मित्रराष्ट्र थाइल्याण्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को छैटौं शिखर सम्मेलनमा भाग लिन आज बैंककतर्फ प्रस्थान गर्दै छन् । थाइल्याण्डका प्रधानमन्त्री फेथोङथान सिनावात (पैटोंटार्न शिनावात्रा) को मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट इतिहासमै पहिलोपटक थाइल्याण्डको औपचारिक भ्रमण हुन लागेको हो । प्रधानमन्त्री ओली नेतृत्वको भ्रमण टोली आज दिउँसो १३:३० बजे थाइ एयरलाइन्सबाट बैंककतर्फ प्रस्थान गर्ने छ । प्रधानमन्त्रीको सचिवालय र परराष्ट्र मन्त्रालयले भ्रमणको सबै आवश्यक तयारी पूरा गरिसकेको जनाइएको छ । प्रधानमन्त्री ओलीले भ्रमणका सम्बन्धमा सोमबार संघीय संसद्का दुवै सदनलाई औपचारिक जानकारीसमेत गराइसकेका छन् ।

भ्रमणका क्रममा प्रधानमन्त्रीस्तरमा द्विपक्षीय वार्ता भई पर्यटन र संस्कृतिका सन्दर्भमा दुई र गैरसरकारी क्षेत्रबीच छ वटा समझदारीपत्रमा हस्ताक्षर हुने छ। द्विपक्षीय वार्तापछि थाइल्याण्डका प्रधानमन्त्री सिनावातसँगै प्रधानमन्त्री ओलीले संयुक्त प्रेस ब्रिफिङमा भाग लिने छन् । थाइल्याण्डका नरेशसँगको भेटपछि एकदिने औपचारिक भ्रमण सकिने छ ।

'दुई देशबीच ६५ वर्षको कूटनीतिक इतिहासमा यो एउटा औपचारिक भ्रमणको आदानप्रदानको नयाँ सुरुआत हो । हाम्रो तर्फबाट यो विल्कुलै नयाँ सुरुआत हो,' प्रधानमन्त्री ओलीले संसद्म सम्बोधनका क्रममा भनेका थिए ।

थाइल्याण्डमा रहँदा प्रधानमन्त्री ओलीले यही चैत २१ गते बिहान त्यहाका प्रतिष्ठित व्यवसायीहरूसँग भेटघाट र छलफल गर्ने छन् भने सोही दिन दिउँसो एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने छन् । साँझ बिमस्टेक शिखर सम्मेलनका नेताहरूलाई दिइने औपचारिक रात्रिभोजमा प्रधानमन्त्री ओली सहभागी हुने छन् ।

चैत २२ गते बिमेस्टक शिखर सम्मेलनमा सहभागी तथा सम्बोधन हुने कार्यक्रम रहेको छ । शिखर सम्मेलनलगत्तै बाँकी मुलुकका नेताहरूसँग सम्भव भएसम्म 'साइडलाइन' वार्ता गर्ने प्रधानमन्त्री ओलीको योजना रहेको छ । सोही दिन मेरिटाइम ट्रान्स्पोर्ट कोअपरेसन अग्रिमेन्टमा हुने हस्ताक्षर समारोहमा प्रधानन्त्री ओली सहभागी हुने छन् । सोही दिन साँझ बैंककस्थित नेपाली दूतावासमा हुने कार्यक्रममा उनी सहभागी हुने छन् ।

प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, प्रधानमन्त्रीका निजी चिकित्सक डा. दिव्यासिंह शाह, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, सुरक्षाकर्मी र सञ्चारकर्मीसहित २१ जना रहने छन् ।

प्रधानमन्त्री ओलीले भ्रमणको पूर्वतयारी र परामर्शका क्रममा आइतबार पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग परामर्श छलफल गरेका थिए । छलफलमा नेपालको आर्थिक विकास, कनेक्टिभिटी, ऊर्जा, पर्यटन र सांस्कृतिक आदानप्रदानलगायत क्षेत्रमा भ्रमणलाई मुलुकको अधिकतम हितमा उपयोग गर्न सुझाव दिइएको थियो । प्रधानमन्त्री नेतृत्वको टोली यही चैत २३ गते स्वदेश फर्किने छ ।

## डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले सोमबार मध्यरातदेखि लागू हुनेगरी डिजेल, मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर दुई रूपैयाँ र हवाई इन्धन (आन्तरिक)तर्फ सात रूपैयाँ र अन्तर्राष्ट्रियतर्फ अमेरिकी डलर ५१ ले घटाएको हो ।

मूल्य घटेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा डिजेल र मट्टितेल क्र(मशः प्रतिलिटर १४६ रूपैयाँ ५० पैसा, १४८ रूपैयाँ र १४९ रूपैयाँ तथा आन्तरिकतर्फको हवाई इन्धन प्रतिलिटर १२५ रूपैयाँ कायम भएको छ । यसैगरी निगमले अन्तर्राष्ट्रियत(र्फको हवाई इन्धन प्रतिकिलोलिटर काठमाडौंमा अमेरिकी डलर ९५२, पोखरामा ७८२ र भैरहवामा ७६७ तोकेको छ ।

## सुनसरीको वसन्तपुरस्थित बङाली टोलका २९ घर जले



**सुनसरी (प्रस)–** हरिनगर गाउँपालिका-५ वसन्तपुरस्थित बङाली टोला २९ घर जलेका छन् । विद्युत् सर्ट भई आगल(ागी हुँदा १२ परिवारका २९ वटा घर पूर्णरूपले जलेर नष्ट भएका प्रहरी उपरीक्षक सुमन तिम्सिनाले जानकारी दिए ।

आगलागीमा स्थानीय सिकन्दर अलि, जुबेर अलि, सब्बिर अलि, अबुहेलाल अलि, इम्ताज आलम, अशफाक अलि, इमशाक अलि, प्रवेज अलि, इर्फान मियाँ, फैयाज आलम र कैशर अलिको घर पूर्णरूपमा जलेर नष्ट भएको स्थानीय नइम अन्सारीले जानकारी दिए ।

यसैगरी नजाम मियाँ र नौशाद मियाँको घरमा अंसिक रूपमा क्षति भएको छ । यहाँ अधिकांश फुस र टिनले छाएका घर रहेका थिए । आगलागीबाट घरभित्र रहेका खाद्यान्न, लत्ता कपडा, फर्निचरका सामग्री, गरगहना जलेका प्रहरी उपरीक्षक तिम्सिनाले बताए ।


**श्री भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह**
चन्द्रपुर नगरपालिका-०३ गैडाटार, रौतहट

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/१२/१९

यस भोर्लेनी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र भित्र आर्थिक वर्ष ०७९/०८० मा ढलापढा रुखहरु कटान भई उत्पादन भएको र यसै समूहको घाटगद्धिमा राखिएको साल जातको १४७ थानको ७८६.९९ क्युफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान सूचिकृत भएको इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीलाई यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डि.व.का. रौतहटको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह**
चन्द्रपुर नगरपालिका-03 गैडाटार, रौतहट



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०८१।१०।२६मा बसेको विशेष साधारण सभाको निर्णयानुसार कम्पनी लोउलान रेष्टुरेण्ट प्रा.लि. (Loulan Restaurant Pvt. Ltd.) दर्ता नं. १६९६७९ (दर्ता मिति २०७४।०२।३० नामको रहेको संम्पूर्ण चल अचल संम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सर्कार्ने गरी कम्पनीको नाम परिवर्तन गरी फोटिन पिक्स बिजनेश लाउन्ज प्रा.लि.(Fourteen Peaks Business Lounge Pvt. Ltd.) कायम गरिएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, कोशी प्रदेश, मोरङ**

**विद्युतीय माध्यमबाट बोलपत्र आव्हानको सूचना सच्याइएको बारे ।**

*प्रकाशित मिति: २०८१/१२/१९*

आ.व.२०८१/८२ मा बेलबारी नगरपालिकाको कार्यालयको हाटबजार व्यवस्थापनका लागि ड्रेन/एजिंग निर्माण खरिद गर्नका राष्ट्रिय बोलपत्र माध्यमबाट मिति २०८१/१२/०७ मा प्रकाशित बोलपत्र तपसिल वमोजिम गर्नुपर्ने भएकाले तपसिल वमोजिम सच्याइएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website https://www.bolpatra.gov.np/egp/ मा हेर्नु हुन समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | बोलपत्रको नाम | फारम दस्तुर शुल्क | जमानत रकम रु. | लागत अनुमान रु. |
|---|---|---|---|---|---|
| १. | BM/MOR/W/NCB-18-2081/082 | Construction works of drain and edging for hat bazar management at different place | ३०००/- | १४००००.०० | ४६३८४८९.११/- |

*नोट : (१) अन्य शर्तहरू पूर्वत बोलपत्र प्रकाशन वमोजिम हुनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**



**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**को**

**तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/१२/१९ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७२/०९/२४ मा दर्ता नं. १४३६३३/०७२/०७३ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ स्थित बेला मोटर्स प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. शिव बहादुर कार्कीको नाति, खम्व ध्वज कार्कीको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३, स्थित स्थायी ठेगाना भएको **केशुन ध्वज कार्की (ना.प्र.प.नं. ६८८१/२३४३/४२, काठमाण्डौ)**
२. खम्व ध्वज कार्कीको बुहारी, केशुन ध्वज कार्कीको पत्नी, काठमाण्डौ जिल्ला, का.न.पा. वडा नं. १५, स्थित स्थायी ठेगाना भएको **बीपना वस्नेत (ना.प्र.प.नं. १५२३१, काठमाण्डौ)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०५३ बमोजिम मिति : २०५८/१२/१९ मा दर्ता नं. १८३२४/०५८/५९ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २४ स्थित **आयूष ट्रेडिङ्ग इन्टरनेशनल प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. जनक लाल पियाको नाति, इन्द्र लाल श्रेष्ठको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स/न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **महेश कुमार पिया (ना.प्र.प.नं. १४४६, चितवन)**
२. भागिरथ न्यौपानेको नाति, गोपाल निधि न्यौपानेको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **तुलसीराम न्यौपाने (ना.प्र.प.नं. ७०३८, मकवानपुर)**
३. मान काजी श्रेष्ठको नाति, मोती काजी श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मकर लाल श्रेष्ठ (ना.प्र.प.नं. ९६०२८/२२३०, काभ्रेपलाञ्चोक)**
४. भक्त बहादुर श्रेष्ठको नाति, त्रिलोक नाथको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मिन बहादुर श्रेष्ठ (ना.प्र.प.नं. ७६७०, काभ्रेपलाञ्चोक)**
५. मोति काजी श्रेष्ठको नाति, दीर्घराज श्रेष्ठको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **किशोर कुमार श्रेष्ठ (ना.प्र.प.नं. १०५१६६/१५७४, काभ्रेपलाञ्चोक)**
६. भक्त बहादुर श्रेष्ठको नाति, त्रिलोक्य नाथ यगोलको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **आत्मा राम यगोल (ना.प्र.प.नं. ६६०८४/५२४, काभ्रेपलाञ्चोक)**
७. इन्द्र लाल पियाको बुहारी, महेश कुमार पियाको पत्नी, चितवन जिल्ला, जगतपुर गा.वि.स/न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अम्बिका देवी श्रेष्ठ (ना.प्र.प.नं. १७९४९, गोरखा)**

**संस्थागत जमानतकर्ताको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०५३ बमोजिम मिति : २०५८/११/२३ मा दर्ता नं. १८१२१/०५८/५९ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २५ स्थित **एम.एम. इन्टरप्राइजेज प्रा.लि.**

**शाखा कार्यालय: बिब्ल्याटे, इलाम**

**१. ऋणीको विवरण**

जगत वहादुर गुरुङ्गको नाति, वृख राज गुरुङ्गको छोरा, इलाम जिल्ला, साखेजुङ्ग गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **तारा वीर गुरुङ्ग (ना.प्र.प.नं.: ६३८३०/५५३, इलाम )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. वृख राज गुरुङ्गको बुहारी, तारा वीर गुरुङ्गको पत्नी, इलाम जिल्ला, इलाम न.पा वडा नं. १, स्थित स्थायी ठेगाना भएको **यमुना गुरुङ्ग (ना.प्र.प.नं.: ३५४११६८५, इलाम)**
२. वृख राज गुरुङ्गको नाति, तारा वीर गुरुङ्गको छोरा, इलाम जिल्ला, इलाम न.पा वडा नं. १, स्थित स्थायी ठेगाना भएको **योगेश गुरुङ्ग (ना.प्र.प.नं.: ०३-०१-७७-०३४२२, इलाम)**

**शाखा कार्यालय: कालिमाटी, काठमाण्डौ**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कायालर्य त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०५/२७ मा दर्ता नं. १५५७१०/०७३/०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १३ नैकाप स्थित **आर.एम.सी. इन्टरनेशनल प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मेघ प्रसाद अर्यालको बुहारी, नवराज अर्यालको पत्नी, धादिङ्ग जिल्ला, गजुरी गा.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **सिता ढुंगाना (ना.प्र.नं. ३/३५१८, धादिङ्ग)**
२. दुर्गा प्रसाद अर्यालको नाति, मेघ प्रसाद अर्यालको छोरा, धादिङ्ग जिल्ला, नलाङ गा.वि.स./उ.म.न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **नवराज अर्याल (ना.प्र.नं. २६२/५११४, धादिङ्ग)**

**शाखा कार्यालय: इटहरी, सुनसरी**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०५/२६ मा दर्ता नं. २४१५४५/०७७/०७८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ६ स्थित **सुमेरु गोल्ड प्रा .लि.**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६५/१२/१७ मा दर्ता नं. ६९३/०६५/०६६ कायम भई दर्ता भएको सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. १, स्थित **न्यू शुभलाभ स्टोर**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. टेकमान श्रेष्ठको नाति, नन्द लाल श्रेष्ठको छोरा, मोरङ जिल्ला, विराटनगर गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **दिपेन्द्र श्रेष्ठ (ना.प्र.प.नं. १५७२५, मोरङ)**
२. नन्द लाल श्रेष्ठको बुहारी, दिपेन्द्र श्रेष्ठको पत्नी, सुनसरी जिल्ला, हासपोसा गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सुश्री सुमित्रा श्रेष्ठ (ना.प्र.प.नं. ३९९६२/४१९६२, सुनसरी)**
३. नन्द लाल श्रेष्ठको नातिनी, दिपेन्द्र श्रेष्ठको छोरी, सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **सुदिक्षा श्रेष्ठ (ना.प्र.प.नं. ०६-०१-७४ -०१४८४, सुनसरी)**
४. नन्द लाल श्रेष्ठको नातिनी, दिपेन्द्र श्रेष्ठको छोरी, सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **सुमिक्षा श्रेष्ठ (ना.प्र.प.नं. ०६-०१-७४ -०१४८३, सुनसरी)**

**नोट: माथि उल्लेखित शाखा कार्यालय इटहरी, सुनसरीको दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# बन्द गर त्रिविको चरम राजनीति

भनिन्छ शिक्षालयमा चरम राजनीति भयो भने यहीबाट थिति बिग्रन सुरु हुन्छ । त्रिभुवन विश्वविद्यालय नेपालको प्रमुख शिक्षालय हो, तर यो संस्था चरम राजनीतिबाट थिलथिलो भइसकेको छ । यसको पछिल्लो उदाहरण हो यहाँका उपकुलपति प्रा.डा. केशरजंग बरालको राजीनामा । बहिर झट्ट हेर्दा रहरलाग्दो देखिने त्रिविमा सत्ताअनुकूलको डरलाग्दो राजनीति छ ।


पहिलोपटक खुला प्रतिस्पर्धाबाट उपकुलपति बनेका बराललाई धेरैले मेरिटोक्रेसीको आधारमा आएका व्यक्ति मानेका थिए । त्रिवि सुधारको योजनाहरू ल्याएका थिए उनले । २०८० फागुनमा प्रधानमन्त्री पुष्पकमल दाहालको पालामा त्रिविको उपकुलपति भएका उनलाई वर्तमान प्रधानमन्त्री केपी ओलीले हटाइछाड्ने योजना यसअघि नै बनाइसकेका थिए । यही योजनाअनुसार ओलीले मंसिरको त्रिविसभामा आफ्नो विद्यार्थी संगठनका नेताहरू लगाएर बरालविरुद्ध जथाभावी भन्न लगाएका थिए । जुनसुकै सरकार आउँदा पनि यहाँ नेपाली कांग्रेसको विद्यार्थी संगठन नेविसंघ, नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्ववियुको रजगज चल्छ । उनीहरूले भनेअनुसार नभए यहाँ १२ महिनै तालाबन्दी हुन्छ भने प्राध्यापक कुटपिटमा उत्रन्छन् विद्यार्थी नेताहरू ।

राजनीतिक दलले विश्वविद्यालयलाई कार्यकर्ता भर्तीको थलो बनाएका छन् । पछिल्लोपटक अनेरास्ववियु र नेविसंघको दबाबमा करारका प्राध्यापक, कर्मचारी र चालकलाई स्थायी गर्न दबाब दिएको थियो । यी दबाव थेग्न बराल कति दिन त त्रिवि नै नगई बाहिरबाटै काम गर्न बाध्य भएका थिए । चर्को दबाब थेग्न नसकेपछि बरालले गत मंगलबार राजीनामा बुझाएका हुन् ।

चरम राजनीतिकै कारण त्रिविमा काम गर्न नसक्ने प्राध्यापकहरू बताउँछन् । यहाँ काम गर्न विद्यार्थी नेताहरूलाई रिझाउनुपर्ने बाध्यता रहेको छ । विद्यार्थी नेताहरू केन्द्रीय नेताहरूबाट परिचालित हुन्छन् । त्रिविमा सक्रिय स्वतन्त्र विद्यार्थी युनियन, राजनीतिक दलका विद्यार्थी संगठनको नेताहरूको 'साँढे' पनका कारण कैयनपटक विद्यार्थी नेताहरू जेलसमेत पुगेका छन् । कोही जेलजीवन नभोगी सेटिङमा पलायनसमेत भएका छन् ।

बराल अहिलेका पात्र हुन् । त्रिविमा यस्तो पात्र फेरिरहन्छन् तर राजनीतिक व्यवहार फेरिँदैन । शिक्षालयबाटै यस्तो बेथिति फैलिएपछि अरु क्षेत्रमा कस्तो असर पर्ला ? मुल नै फोहोर भएपछि खोला र नदी सफा कसरी होला ? यो विषयमा अहिलेको नागरिकको चेत गम्भीर हुनैपर्ने हो । तर विद्यार्थीदेखि प्राध्यापक रोजगारी र नाफाको लोभमा राजनीतिक दलको लगाममा साँढे बनेर हिंडेका छन् । यो प्रवृत्ति तत्काल रोकिनुपर्छ ।

# वाम-लोकतान्त्रिक शक्तिको सहकार्य महत्त्वपूर्ण



■ गोपाल भट्टराई

> "हालको प्रणालीले समावेशीताको उद्देश्यलाई सम्बोधन गर्न सकेन । राजनीतिक निष्ठाभन्दा नेतृत्वले इच्छाएका तथा आफ्नो समूह र नातागोता सम्बद्ध व्यक्तिमात्रै छनोट हुनुपुग्यो । नेपालको हालको परिस्थितिमा तत्कालै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीसम्बन्धी व्यवस्था भइहाल्छ जस्तो लाग्दैन । मतदाताको स्थिति पनि भावनात्मक छ । त्यस्तो खाले मतदानले कहाँ पुऱ्याउँछ भन्ने ठेगान छैन । एउटा दलले बहुमत ल्याउने परिस्थिति सिर्जना गरिनुपर्छ ।

अहिले संविधान संशोधनको बहस विभिन्न कोणबाट भइरहेको छ । मुलुकमा देखिएका राजनीतिक विकृति अन्त्यका लागि संविधान संशोधन अपरिहार्य हुन्छ । संविधान संशोधनका क्रममा जनताका अधिकार, समानुपातिक तथा समावेशीकरणलाई आघात नपुग्ने गरी मूलतः निर्वाचन प्रणालीलाई सच्याउनुपर्छ । प्रदेश र संसद् सदस्य संख्या पनि घटाउने र निर्वाचन प्रक्रियाबाटै समावेशी गराउँदा उचित हुन्छ ।

हालको प्रणालीले समावेशीताको उद्देश्यलाई सम्बोधन गर्न सकेन । राजनीतिक निष्ठाभन्दा नेतृत्वले इच्छाएका तथा आफ्नो समूह र नातागोता सम्बद्ध व्यक्तिमात्रै छनोट हुनुपुग्यो । नेपालको हालको परिस्थितिमा तत्कालै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्रीसम्बन्धी व्यवस्था भइहाल्छ जस्तो लाग्दैन । मतदाताको स्थिति पनि भावनात्मक छ । त्यस्तो खाले मतदानले कहाँ पुऱ्याउँछ भन्ने ठेगान छैन । एउटा दलले बहुमत ल्याउने परिस्थिति सिर्जना गरिनुपर्छ ।

राजनीतिलाई स्थिर तुल्याउन आवश्यक न्यूनतम मत 'थ्रेसहोल्ड'को प्रतिशत बढाउनुपर्छ । एउटा दलको बहुमत भएन भने विभिन्न स्वार्थ समूहको चलखेलको अवस्था रहिरहन्छ । राजनीतिक स्थिरता नभइ भ्रष्टाचार र सुशासनको नारा भाषणमामात्रै सीमित हुन पुग्छ । भ्रष्टाचारका न्यूनीकरणका लागि हालका प्रयासले मात्र पुग्दैन ।

सांसद भएपछि विकासका काममा लाग्नुपर्छ भन्ने मानसिकता पञ्चायतकालीन नै हो । अहिलेसम्म आइपुग्दासमेत त्यो सोचबाट मुक्त हुन सकिएको छैन । संविधान संशोधन गर्दा अब सांसदबाट मन्त्री नहुने भएमा बजेटका लागि दौडधुप गरिरहनुपर्ने स्थितिमा सुधार आउँथ्यो कि ? यो पनि एउटा विकल्प हुनसक्छ । सरकार, संसद् र सांसदले मिलेर विगतदेखि नै फटाफट विधेयक ल्याएर काम गरेको भए अध्यादेशकै आवश्यकता किन पर्थ्यो र ? पछिल्लो समय थाँती रहेका महत्त्वपूर्ण कानुन अघि बढाउन सभामुख, अध्यक्ष र सरकारबाट अलि तदारुकता देखिएको छ । तथापि, राष्ट्रिय सभाले भने आएका विधेयकलाई निष्कर्षमा पुऱ्याइरहेकै छ । तुलनात्मकरूपमा समयमै काम सम्पन्न गर्नेमा प्रतिनिधिसभाका समितिमा प्राविधिकसहित कोरमका कारणले पनि असर पारेको छ ।

संविधानको मूल मर्म र भावनाअनुरूप राष्ट्रिय सभामा कतिपय सदस्यको चयन हुन सकेन भन्ने प्रश्नमा मेरो केही प्रतिक्रिया छैन । केही सदस्य अघिल्लो अधिवेशन अन्त्य भएपछि समितिका कुनै बैठकमा पनि उपस्थिति नभएको पनि हुनुहुन्छ । राजनीतिमा इमान्दार व्यक्ति पछि परेका छन् । विगतमा युवा विद्यार्थीलाई राजनीतिक र सांगठनिक विषयको ज्ञान दिलाएर शिक्षित तुल्याइन्थ्यो । परीक्षण गरेरमात्रै कमिटीमा ल्याइन्थ्यो । अहिले कमिटी प्रणाली नै ध्वस्तजस्तो अवस्थामा छन् । पार्टी कमिटी नाममात्रमा सीमित छ । जनवर्गीय कमिटी लथालिंग छ । त्यही नै हो, कार्यकर्ता उत्पादन गर्ने र युवापुस्तालाई अघि ल्याउने । त्यो नभएपछि राजनीतिक अराजकता देखिनु स्वाभाविक छ । यसमा पार्टीकै दोष छ । योजनाबद्धरूपमा काम भएको छैन । इमान्दारपूर्वक लाग्नेको आर्थिकस्तर कमजोर छ । हिजो समाज परिवर्तनकै मुद्दा प्राथमिकतामा थियो । अहिले लाभका लागि दौडिएको देखिन्छ । राजनीतिलाई केही मानिसले व्यवसाय बनाएपछि प्रश्न उब्जिएको हो । तर सबैलाई एउटै आँखाले हेरिनु हुँदैन । राजनीतिमा लागेर घरखेत गुमाएर टाट पल्टेका पनि मानिस छन् ।

सूचना प्रविधिका क्षेत्रमा पछिल्लो समय भएको तीव्र विकास र विश्वग्रामको अवधारणाले पनि युवापुस्तालाई विदेश पलायनमा प्रेरित गरेको छ । नेपाल हालको शिक्षा प्रणाली प्राविधिक र सीपमूलक भन्दा पनि बेरोजगार युवा उत्पादन गर्नेखाले छ । जसले अर्थोपार्जन गरी परिवार धान्न पनि युवालाई विदेश जान बाध्य पारेको छ । समाजको मनोविज्ञान पनि त्यस्तै छ । तथापि, पछिल्ला समय युवापुस्तालाई स्वदेशमै रोजगारी प्रदान गरी रोक्ने प्रयास पनि भइरहेको छ । अर्कातर्फ पछिल्ला पुस्तामा मिहेनत कम गर्ने सोचाइ देखिन्छ ।

सूचना तथा सञ्चार प्रविधि, शिक्षा, स्वास्थ्यका क्षेत्रमा मुलुकले निकै ठूलो प्रगति हासिल गरेको छ । पर्यटन र जलविद्युत् उत्पादनले लय समातेको छ । औद्योगिकीकरण, पूर्वाधार तथा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउने कार्यमा भने प्रभावकारी योजनाको खाँचो छ । अहिले पनि चार/पाँच लाख विदेशी नागरिक यहाँ श्रम गरिरहेका छन् । स्वास्थ्यका क्षेत्रमा राम्रै दृष्टिकोण आएको छ । धेरै काम अघि बढेका छन् । तत्काल राहत पाउने काम अघि बढाएर जनतालाई विश्वास लिएमा छोटो समयमै आर्थिकरूपमा मुलुकको कायपलट गर्न सकिन्छ । देशलाई आर्थिक समृद्धिमा लैजान प्रमुख दलबीचको सहकार्यमा गठित वर्तमान सरकारले एउटा मार्ग कोर्दै अघि बढ्ने कोसिस गरिरहेको छ ।

नेपालको राजनीतिक संघर्षको इतिहास लामो छ । त्यसका लागि धेरै नागरिकले बलिदानी दिएका छन् । मुलुकको राजनीति अहिलेको अवस्थामा आइपुग्न वाम-लोकतान्त्रिक शक्तिको सहकार्य महत्त्वपूर्ण छ । तत्कालीन नेपाल कम्युनिस्ट पार्टीका महासचिव पुष्पलालको नीति ठीक हुने तर राजनीतिक नेतृत्वमा आउन नसक्ने परिस्थितिबाट विभाजित वाम घटकबीचको एकीकरण र नेपाली कांग्रेसको कम्युनिस्टसँग मिलेर जानुपर्छ भन्ने सोचले देशमा एकखाले राजनीतिक वातावरण बन्यो ।

तत्कालीन नेकपा एमालेका महासचिव मदन भण्डारीले त्यसबीचमा पुष्पलालकै कार्यनीति र कार्यदिशालाई अभ्यासमा ल्याउनुभयो । त्यसबाट सहकार्यको एउटा माहोल सिर्जना भयो । वि.सं. २०४८ को निर्वाचनपछि करिब १० वर्ष मुख्य शक्ति मिलेर जानपर्छ भनी एमाले अध्यक्ष मनमोहन अधिकारीले गर्नुभएको प्रस्तावलाई कांग्रेसले अस्वीकार गऱ्यो । त्यही बिन्दुबाट प्रतिस्पर्धाका नाममा अराजकता सुरु भयो । मुलुकमा राजनीतिक अभ्यास अघि बढ्दै जाँदा एमाले विभाजित भयो । ती सबै कारणले माओवादी आन्दोलन जन्मियो । माओवादी आन्दोलन सशक्त हुनु भनेको एमाले विभाजन नै थियो । माओवादी सशस्त्र विद्रोहले देशको आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा असर पऱ्यो । तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिए ।

त्यसपछि मात्र एमाले-कांग्रेसबीच मिलनबिन्दु फेला पऱ्यो । देशभित्र विकसित विभिन्न परिस्थितिले त्यसबेला वि.सं. २०४८ मा मनमोहनले राख्नुभएको प्रस्ताव कार्यान्वयन गर्ने चेत दुवै पार्टी नेतृत्वमा पलायो । वि.सं. २०६४ को निर्वाचनको मत परिणामले हौसिएको माओवादी प्रभावले मुख्य दलबीचको विश्वास पुनः कमजोर तुल्यायो । देशमा विभिन्न परिस्थितिले लोकतन्त्रका लागि एउटै मोर्चामा संघर्ष गरेका कांग्रेस-एमालेबीचमा सहकार्य र सहयात्राको अवसर अहिले फेरि जुटेको छ । मनमोहनले त्यसबेला अघि बढाएको सहकार्यको सन्देशलाई निरन्तरता दिएर जान सक्नुपर्छ । यसैबाट नेपाल र नेपालीको भलो हुन्छ भन्ने मलाई लागेको छ ।

*(राष्ट्रिय सभा सदस्य भट्टराईसँग राससले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

# विदेशमा क्याम्पमा बस्नेले ख्याल गर्नुपर्ने कुराहरू

प्रायः सबै कामदारहरूलाई विदेशमा रोजगारदाता कम्पनीहरूले क्याम्पमा राख्ने गर्दछन् । परिवारसहित रहने केही उच्चपदस्थ म्यानेजर तथा प्रोफेसनलहरूलाई भने फेमिली अपार्टमेन्ट या भिल्ला (बंगला) मा राखिएको हुन्छ । क्याम्पहरू पनि प्रायः कामदार र स्टाफ गरी दुई समूहमा केही फरक स्तर र सुविधा दिएर राखिएको हुन्छ । प्रायः सबै क्याम्पहरूमा क्याम्प बोस, सुरक्षा गार्ड तथा सरसफाइ गर्नेहरू पनि खटाइएको हुन्छ ।

खाना पनि उपलब्ध गराउने कम्पनीहरूले क्याटरिङका लागि छुट्टै व्यवस्थापन (आवश्यक जनशक्ति तथा साधन स्रोतसहित) मिलाएका हुन्छन् । क्याम्पहरूमा आफ्नै नियमहरू पनि हुन्छन् । सबै कामदारहरूले निर्धारित नियमहरूको पूर्णपालना गर्नुपर्दछ । सामान्यतया क्याम्पमा पालना गर्नुपर्ने नियमहरू यस्ता हुन्छन् :

- तोकिएको समय सीमाभित्र खाना खाने ।
- सरसफाइमा ध्यान दिने, फोहोर व्यवस्थापन गर्ने ।
- मादकपदार्थको सेवन, जुवातास या अन्य गैरकानुनी क्रियाकलाप नगर्ने ।
- कम्पनी बाहिरका आगन्तुकलाई निश्चित समयभन्दा बढी समय रहन नदिने ।
- झै-झगडा या अशान्ति पैदा नगर्ने ।
- क्याम्पभित्र राति तोकिएको समय सीमाभित्रै फर्किने ।
- धार्मिक, राजनीतिक तथा साम्प्रदायिक सद्भाव खलबलाउने क्रियाकलाप नगर्ने ।
- आफ्नो सामानको सुरक्षा आफैं गर्ने ।
- कुनै समस्या, असुविधा या सिकायत गर्नुपरे क्याम्प सुपरभाइजरलाई भन्ने ।

**दुर्घटनामा परेमा...**

दुर्घटना कुनबेला हुन्छ, अनिश्चित छ । सकेसम्म दुर्घटनाबाट बच्न सतर्कता अपनाउनुपर्छ । सतर्कता अपनाउँदा पनि दुर्घटनालाई कहिलेकाहीँ टार्न सकिँदैन । सडक दुर्घटना होस् या ड्युटी गर्दागर्दै या अन्य ठाउँमा, सबैभन्दा पहिला आफ्नो कम्पनीको सिनियरलाई खबर गरिहाल्नुपर्दछ । सडक दुर्घटना हो भने स्थानीय प्रहरीलाई पनि तुरून्तै खबर गर्नुपर्दछ साथै आफू होसमै रहेको अवस्थामा तत्काल सम्भाव्य कुनै पनि सहयोग लिई प्राथमिक उपचार, उद्धार तथा यथाशीघ्र अस्पताल पुग्ने प्रयत्न गर्नुपर्दछ । आफ्नो परिचयपत्र साथै स्थानीय प्रहरीका इमर्जेन्सी नम्बरहरू साथमा राख्नु निकै महत्त्वपूर्ण हुन्छ । गाडी चालकले गाडीको बिमा, दर्तालगायतका कागजात दुरूस्त राखेको हुनुपर्दछ ।






बैकुण्ठ भण्डारी

# आखिर के का लागि आन्दोलन

सोमबार प्रतिनिधिसभामा रोमाञ्चक दृश्यहरू देखिन्थे । एकातिर राजा चाहियो, अर्कोतिर कुनै हालतमा राजाको कुरा गर्न नै पाइँदैन । 'नाइँ मलाई त्यही केटी चाहिन्छ' भन्ने व्यंग्यात्मक गीतजस्तै । संसद् दलहरूका लागि झगडा गरेको जस्तो गर्ने थलो बन्दै छ ।

प्रत्यक्ष प्रसारणमा हुञ्जेल कुटुँला जस्तो । बाहिर निस्केपछि छुटुँला जस्तो । गाईजात्रा भनेजस्तै । हुन त संसद् पछिल्लो समयमा यस्तै यस्तै जात्रा गर्ने रंगमञ्चका रूपमा स्थापित हुँदै गएको छ । हो भन्नेले हो भन्नुस् होइन भन्नेले होइन भन्नुस् । कुरा खतम ! तर सधैं त्यत्तिले मात्र कहाँ पुग्थ्यो र संसद्, संसदका रूपमा नै रहन सकेको छैन । एकले अर्कालाई आरोप लगाउने यो अहिलेको मात्र रोग पनि होइन । पुरानै रोग हो ।

मालिक र दासबीचको विभेद अन्त्य गर्नका लागि कानुन बनाउने त्यही ठाउँमा माथिल्ला पदकाले तलकालाई होच्याउने । त्यही भएर होला 'तँ भन्दा म के कम' भन्ने खालको भयो । कांग्रेस होस् कि एमाले, माओवादी हुन् या राजावादी, आ-आफ्नै बाजा बजाइरहेका छन् त्यही संसद्मा ।

जुम्लाका ज्ञानेन्द्र शाही हुन् कि ताप्लेजुङका योगेश भट्टराई, यो वा त्यो नाममा एउटा न एउटा तानाशाह स्वीकार गर्ने ! ज्ञानेन्द्र शाही राजाको पछि योगेश केपी-ओलीको पछि । स्वाभाविकै हो आ-आफ्नो अभिभावक स्वीकार गरेकै छन् ।

२०५१ सालमा माओवादीले जनयुद्ध भन्दै सरकारी भवन जलाए, ६१ तिर गगनहरूले सरकारी गाडीहरू जलाए । अहिले राजावादीहरूले फेरि उही बाटो अपनाउँदै घर, गाडी जलाए । २० वर्षअघि लोकतन्त्रका लागि आन्दोलन भयो । २० वर्षमा कसले के पाए कसले के गुमाए आफूले आफैंलाई प्रश्न गर्दा नै ठीक होला ।

आन्दोलन के का लागि ? व्यवस्था परिवर्तनका लागि कि अवस्था परिवर्तनका लागि ? पुराना कुरा नगरौं भन्दै पन्छिन खोजे हाम्रा किरण बाजे ! त्यसो भए २०१७ सालदेखि ०४६ सम्म के पाए जनताले ? ०४७ देखि ०८१ सालसम्म के पाए ? सबैको साझा प्रश्न नै त्यही हो भन्छन्, सानो राजा ।

किरण बाजे खै किन हो त्यत्ति खुलेनन् । संसद्देखि सडकसम्म शक्ति प्रदर्शन के का लागि हो त ? जनतालाई आन्दोलनले के दिन्छ र ? आन्दोलन भन्यो आगो बाल्यो सरकारी सम्पत्ति खरानी बनायो । यो त २० वर्षअघि नै बन्द हुनुपर्ने थियो ।

किरण बाजे आन्दोलनका हर्ताकर्ता । यता सानो राजा आन्दोलनको विपक्षमा । कुरो के मिल्थ्यो ! संसद्मा ज्ञानेन्द्र, योगेश र विश्वप्रकाश जस्तै । संसद्मा राजतन्त्रवादी र गणतन्त्रवादीबीचको जुहारी । एउटा वारि एउटा पारि ।

जे होस् पहिले-पहिले १० वर्षमा हुने आन्दोलन अहिले २० वर्षमा सरेको छ । दुई-चार दशकपछि ३० वर्षमा सर्ला ! आखिर के का लागि । चाहे त्यो गणतन्त्रवादीको होस् चाहे राजावादीको होस् । जब जनताको आशा र भरोसा टुटेपछि यस्तै आन्दोलन र आगोमात्र देखिने हो ।

केही वर्षपछि वृद्धाश्रमहुँदै गरेको मुलुकमा आन्दोलनका जात्रा किन ? सानो राजाले किरण बाजेलाई कोटयाइरहेका छन् । तर किरण बाजे ढुंगा बोल्ला मान्छे बोल्नेवाला छैनन् । आज किन हो सानो राजाको पालोजस्तै । उहीमात्र एकोहोरो । सरकार, सरकारजस्तै भएन । कांग्रेस-एमाले दुई मिलेर तानाशाह लाद्न खोजेपछि बालेन शाहले टुकुचामा गाड्न समयसीमा तोक्ने दिन पनि आयो । अनि निरंकुशतन्त्र फाल्नेहरू नै ज्ञानेन्द्र शाहका पक्षमा आगो बाल्न आए ?

'छन् गेडी सबै मेरी, छैनन् गेडी सबैं टेडी' भनेजस्तै भो । गणतन्त्रको फल कसैकसैका लागिमात्र मिठो भो । सारा दुनियाँलाई तितो भो । जनताले राजा नै कहाँ मागेका थिए र ? व्यवस्था परिवर्तनसँगै अवस्था परिवर्तन खोजेका थिए । भोका नागरिकले खाना खोजे । बेरोजगारले रोजगारीको अवसर खोजे । बिरामीले उपचार खोजे । अभिभावकले गुणस्तरीय शिक्षालय खोजे । तर शिक्षालय व्यापारीको भो ! अस्पताल माफियाको भो ! बेरोजगारलाई दुबई, कतार मान्छे बेचेजस्तै भो । आफैं केही गर्न खोज्नेहरूका लागि जन्माउन पाएको छैन सरकारको करले थिलथिलो भो !

बाँच्नका लागि केही त गर्नै पर्ने भो । दलमा लाग्नेहरूका लागि सर्वत्र फलिफापमात्र भो नागरिकहरूका लागि नेताहरूकै कारण बिल्लीबाठ भो । २०५२ सालमा गाउँबाट लखेटे, ०६२ मा सदरमुकामबाट खेदेझै ०८२ मा कता खेद्ने हुन् ? आखिर के का लागि आन्दोलन र आगो ?

सरकार जनताको भैदिएको भए, युवाहरू खाडीमा बेचिनु पर्दैनथ्यो होला ? गाउँमा डाँडामाथिको घाम जस्तै भएका बा आमाहरू घिटीघिटी भएर काल कुरेर बस्नु पर्दैनथ्यो होला । सन्तान, बाउ आमाको काखमा लुट्पुटिएर सधैंभरि वरिपरि बस्ने वातावरण कसले खोस्यो ? कहिले कांग्रेस-एमालेले खोस्यो, कहिले पञ्चेले खोज्यो, कहिले माओवादीले खोस्यो । खोस्नेबाहेक के पो दियो र !

त्यही संसद्मा गाईजात्रा होइन जनताका लागि आवाज उठ्नुपर्ने थियो । त्यही संसद्बाट रोजगारी वृद्धि, उद्योगधन्दा सञ्चालनका कुरा उठ्नुपर्दथ्यो । शिक्षा र स्वास्थ्य सरकारको नियन्त्रणमा हुने निर्णय गर्नु पर्थ्यो । हरेक नागरिकले आफ्नो क्षमता र सीपअनुसारको काम आफ्नै गाउँ टोलमा बसेर गर्न पाउनु पर्थ्यो ।

तर, जनताको हात रित्तो, ऋणै ऋणको भारले थिच्यो । संसद्देखि सडकसम्म आन्दोलनको रन्को । नेता सबलाई राजा बन्ने रहर । जनता बबुरा त्यही आन्दोलन र आगोमा परेर मर !



**ईदको उल्लास** | इस्लाम धर्मावलम्बीहरूको पर्व ईदको अवसरमा सर्लाहीको मलंगवा–९ स्थित इदगाहमा एकापसमा अंकमाल गरेर खुसी सटासाट गर्दै मुस्लिम समुदाय । *तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# सामाजिक सद्भाव कायम राख्दै ईद मनाइयो

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** पर्सामा इस्लाम धर्मावलम्बीहरूले ईद-उल-फित्र (ईद) सामाजिक सद्भाव कायम राख्दै मनाएका छन् । इस्लाम समुदायले पर्सामा रहेका ईदगाह तथा मस्जिदमा नमाज (प्रार्थना) गर्दै ईद पर्व हर्षोल्लाससहित मनाएका हुन् ।

वीरगञ्ज महानगरपालिका-२ स्थित ईदगाहचोकमा हजारौं संख्यामा मुस्लिम समुदायले एकापसमा खुसी साटासाट गरेर ईद मनाएका छन् । वीरगञ्जका हिन्दू समुदायका धर्मावलम्बीले रमजानको अवसरमा इस्लाम समुदायका व्यक्तिलाई 'इफ्तार'को आयोजना गरेर शुभकामना आदानप्रदान गर्दै आएका छन् । यसले यहाँका समुदायबीच धार्मिक सहिष्णुता र भ्रातृत्वको विकास गराउँदै आइरहेको छ ।

वीरगञ्ज महानगरपालिका उपप्रमुख इम्तियाज आलमले हिन्दू र मुस्लिम समुदाय पुर्खौदेखि सद्भाव र सहिष्णुता कायम राख्दै आएका बताए । 'सदियौंदेखि हिन्दू र मुस्लिम समुदायले एकअर्काको चाडपर्वमा सामेल हुँदै आएका छौं,' उनले भने, 'यसले सामाजिक सद्भाव र एकता कायम राख्न मद्दत पुऱ्याउँदै आएको छ ।'

वीरगञ्ज-२ छपकैयाँका नावाफ मियाँ सिद्धिकीले चाडपर्वलाई सामाजिक सद्भाव र भ्रातृत्व कायम गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने बताए । 'वीरगञ्जमा सबै धर्मावलम्बी एकापसमा सद्भाव कायम गरेर बसोबास गर्दै आएका छन्,' उनले भने ।

वीरगञ्जका मस्जिद तथा ईदगाहमा बालकदेखि ज्येष्ठ नागरिक उपस्थित भएका छन् । 'हामी ईदको अवसरमा एक महिनासम्म भोकै बसेर रोजा 'व्रत' बस्यौं । नमाज पढेर रोजा तोडेका छौं,' मुस्लिम समुदायका अगुवा मन्सुर अहम्मदले भने, 'आज (सोमबार) हामीले घरमा इष्टमित्र बोलाएर सेबई र अरु मीठो परिकार खाने र खुवाउने परम्परा छ ।'

ईदका दिन मुस्लिम समुदायका व्रतालु बिहानै मस्जिद र ईदगाहमा पुगी सामूहिक नमाज पढेर आफू तथा आफ्नो परिवारको तर्फबाट भएको गल्तीको क्षमायाचना गर्दै अल्लाह (भगवान)सँग आशीर्वाद लिने गर्दछन् । वीरगञ्जमा ईदगाहचोक, छपकैया, मुली, नगवा, नयकाटोलालगायत स्थानमा पुगी नमाज पढेर दुवाअर्थात् आशीर्वाद मागेको दृश्य देखिन्थ्यो । नमाज पढेर सकेपछि मुस्लिम समुदायले एकापसमा अंकमाल गर्दै ईदको शुभकामना साटासाट गरेका छन् ।

# पाँच स्थानीय तहमा जग्गा नापजाँच थालियो

**नेपालगञ्ज-** बाँकेका पाँच स्थानीय तहमा सुकुम्बासी समस्या समाधान आयोगले जग्गा नापजाँच थालेको गरेको छ । जग्गा नापजाँचको काम कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र राप्तीसोनारी गाउँपालिकामा भइरहेको सुकुम्बासी समस्या समाधान आयोग, बाँकेका अध्यक्ष घननाथ खनालले जानकारी दिए । उनले कोहलपुर- ७, ९ र १३ वडा, बैजनाथ-७, जानकी-५, खजुरा-६ र राप्तीसोनारी-३, ४, ७ वडामा जग्गा नापजाँचको काम भइरहेको बताए ।

अध्यक्ष खनालले नेपालगञ्जमा आजदेखि नै काम सुरु गरिने उल्लेख गर्दै डुडुवा र नरैनापुर गाउँपालिकामा लगत संकलन कार्य भइरहेको जानकारी दिए । 'अझै पनि केही स्थानीय तहमा लगत संकलन सकिएको छैन । तर केही स्थानमा नापजाँच सुरु भइसकेको छ,' उनले भने । अहिलेसम्म जिल्लाभर ५३ हजार ७३० कित्ता जग्गाको लगत संकलन भएको छ ।

यसअघि गठन भएको सुकुम्बासी समस्या समाधान आयोगमा सबैभन्दा बढी कोहलपुर नगरपालिकामा १७ हजार ६१५, राप्तीसोनारी गाउँपालिकामा १२ हजार ५२३, बैजनाथमा १० हजार ११२, नेपालगञ्जमा तीन हजार ४२, नरैनापुरमा दुई हजार ३४५ र जानकीमा दुई हजार ८१० कित्ता नापजाँचका लागि निवेदन परेको थियो ।

आयोगका अध्यक्ष खनालले दलित भूमिहीनतर्फ तीन हजार ६८१ कित्तामध्ये ८३९ कित्ता वास्तविक कित्ता भएको र त्यसलाई वडा कार्यालयबाट प्रमाणीकरण गरेको उल्लेख गर्दै भूमिहीन सुकुम्बासीतर्फका छ हजार ७९८ कित्ता रहेको बताए । बाँकेमा ४३ हजार २२६ कित्ता जग्गामा अव्यस्थित बसोबासी छन् ।

# सीमा क्षेत्रमा हुने लागुऔषधको समस्या न्यूनीकरण गर्न निर्देशन

**सुनसरी (प्रस)-** सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सीमा क्षेत्रमा हुने लागुऔषधको समस्यालाई न्यूनीकरण गर्न सशस्त्र प्रहरी बलले उच्च महत्त्व दिएको बताएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं १ बराहवाहिनी मुख्यालय सुनसरीको २४औं स्थापना दिवसका अवसरमा उनले लागुऔषधको प्रमुख समस्या रहेको कोशी प्रदेशमा विशेष योजना बनाएर काम गर्न बराहवाहिनी मातहतका सुरक्षा अधिकारीलाई निर्देशन दिए ।

अर्यालले वाहिनी र मातहतका युनिटले सीमित बन्दोबस्ती तथा संरचनाका बाबजुत बेसको सीमा सुरक्षा, लागुऔषध विपद् व्यवस्थापनलगायत विविध क्षेत्रमा देखाएको प्रभावकारी कार्य सम्पादन प्रशंसनीय रहेको बताए ।

वाहिनीको स्थापना दिवसका अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक अवार्ड, विपद् उद्धार, आन्तरिक व्यवस्थापन, अपरेसन कार्यलगायतका विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने कर्मचारी वीरगति प्राप्त राष्ट्रसेवकका परिवारसहित सशस्त्र प्रहरी बललाई सहयोग गर्ने संघसंस्थालाई महानिरीक्षक अर्यालले सम्मान गरेका थिए ।


मधेश प्रदेश सरकार
खेलकूद तथा समाज कल्याण मन्त्रालय
**सामाजिक विकास इकाई**
राजविराज सप्तरी, नेपाल

**करारमा जनशक्ति भर्नासम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/१२/१२ गते)

प्रस्तुत विषयमा यस इकाई कार्यालयको स्वीकृत दरबन्दीमा देहायका पदको रूपमा देहायको सङ्ख्या र योग्यता भएको कर्मचारी कन्टिन्जेन्सी शिर्षकबाट तलव पाउने गरी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र (२०८१/१२/२७) ४:०० बजेसम्म यस इकाई कार्यालयमा रितपूर्वक दरखास्त सहित यस कार्यालयमा उपस्थित भई आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद विवरण | सेवा/समूह | तह | सेवा करारबाट पदपूर्ति हुने पदको सङ्ख्या |
|---|---|---|---|---|
| १. | इन्जिनियर | प्राविधिक (सिभिल) | अधिकृतस्तर सातौं | १ |
| २. | सव-इन्जिनियर | प्राविधिक (सिभिल) | पाँचौं | २ |
| ३. | क. अपरेटर/स.क.अपरेटर | विविध | चौथो | १ |
| ४. | सामाजिक परिचालक | विविध | चौथो | २ |
| ५. | कार्यालय सहयोगी | प्रशासन | श्रेणी | २ |

**शैक्षिक योग्यता र अन'भव :**
(क) नेपाली नागरिक ।
(ख) न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा उर्त्तिण गरेको ।
(ग) काउन्सिलामा दर्ता भएको (काउन्सिलमा दर्ता हुनु पर्ने पद भएमा ।
(घ) १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
**दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानून वमोजिम काउन्सिलमा दर्ता भएको प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्ने ।
(च) शैक्षिक योग्यता, अन्तर्वार्ता र अनुभवको आधारमा छनौट हुनेछ ।

सुशिल कुमार झा
इकाई प्रमुख


# अट्ठाइस वर्षपछि टुप्लुक्कै घर आइपुगेपछि....



■ राजेन्द्रप्रसाद पनेरू

कञ्चनपुर- यहाँको शुक्लाफाँटा नगरपालिका-७ सिमलफाँटाका ६२ वर्षीय मानबहादुर धानुक अटोबाट झरेर टुप्लुक्क घरको आँगनमा आइपुग्दा एकैछिन घरमा सन्नाटा छायो । बेपत्ता भएको २८ वर्षपछि धानुक घर फर्किनुहोला भन्ने अनुमान परिवारका कुनै सदस्यले गरेका थिएनन् ।

त्यसो त धानुकलाई पनि सुरुमा आफ्नो घर पत्ता लगाउन कठिन भयो । आफूले घर छोड्दाको बस्ती शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको विस्तारित क्षेत्रभित्र परेपछि स्थानान्तरण गरिएको थियो । भारतको उत्तर प्रदेशको बनारसबाट बस चढेर महेन्द्रनगर आइपुगेका उनी सबैभन्दा पहिले कपडालगायत सामान खरिद गर्ने पुरानो व्यापारीकहाँ पुगे । उनीसँग कुरा गरेपछि थाहा भयो कि साविकको पिपलाडी गाविस-१ को तारापुर बस्ती स्थानान्तरण गरिएको रहेछ ।

त्यसपछि उनी महेन्द्रनगर बजार हुँदै झलारी बजार झरे । चिनजानका व्यक्तिसँग भेट भयो । तारापुर बस्तीलाई सिमलफाँटामा सारिएको जानकारी पाए । चिनजानकै व्यक्तिले अटो चालकलाई सिमलफाँटाको घरसम्म पुऱ्याइदिन आग्रह गरे । अटो चालकले धानुकलाई घरमै पुऱ्याइदियो । यो गत शनिबारको कुरा हो ।

धानुक यत्तिका वर्षपछि घर फर्कनुमा भने उनको एक धर्म आमाको हात छ । जो ६५ वर्षीया वृद्धा छिन् । भारतकै बनारस बस्ने उनै धर्म आमा र उनकी १३ वर्षीया नातिनि पनि धानुकसँगै आएका छन् ।

धानुकले भने, 'छोराछोरी सानै हुँदा हिँडेकाले मैले चिन्ने कुरै भएन, आमा र श्रीमतीले चिने, धेरै वर्षपछि घर आइपुगेकाले परिवारका सदस्यले हर्षका आँसु बगाउन थाले, खुसी भए, मैले धेरै वर्ष सम्पर्कविहीन भएर बिताएकाले परिवार पाउँदा निकै खुसी छु ।'

घरबाट वि.सं. २०५३ मा कमाइको खोजीमा भारतको राजीस्थानस्थित जयपुर पुगेका उनको गतिलो कमाइ थिएन । काम गर्दा थोरै कमाइ हुन्थ्यो खान र लुगाफाटोमै सिद्धिन्थ्यो । 'कामकै खोजीमा कहिले यता पुग्थें, कहिले उता,' विगत सम्झँदै उनले भने, 'घरसम्म पुग्ने बस भाडा हुँदैनथ्यो, घर जान पाए हुन्थ्यो भनेर सोच्थें, जान सक्ने अवस्था थिएन, विस्तारै घरको ठेगाना नै बिर्सिने अवस्थामा पुगेको थिएँ ।'

उनका अनुसार राजीस्थानको जयपुरमा एक व्यक्तिसँग गहिरो मित्रता भयो । ती मित्रको ससुराली उत्तर प्रदेशको बनारसमा थियो । त्यहाँ दुवै जनाको आउजाउ थियो । ती मित्र बिरामी भएपछि धानुकले रगत दिएर ज्यान बचाए । त्यसै बेलादेखि ती मित्रका सासुले धानुकलाई धर्मपुत्रका रूपमा मान्न थाले । ती वृद्धाका छोरा थिएन, उनले जमिन दिन्छु बस्नु भनेर पनि धानुकलाई अनुरोध गरे । 'सित्तैमा लिएमा पाप लाग्छ भनेर जग्गा लिन अस्वीकार गरें,' उनले भने, 'तिनै वृद्धा आमाले परिवारसँग भेटनुपर्छ भनेर कर गरेपछि उहाँसँगै घर आइपुगें, यत्तिका समयपछि परिवारसँग भेट हुन्छ भनेर सोचेकै थिइनँ । परिवारलाई भेटन पाउँदा निकै खुसी छु, अब भारत फर्किन्न ।'

धानुकका छोरा गणेशबहादुर ३३ वर्षको भए । यो उमेरमा बुबा पाउँदा खुसीको सीमा नै नरहेको उनी बताउँछन् । 'सानै छँदा बुवाले छाडेर जानुभएको थियो,' उनले भने, 'अहिले आएर बुवालाई भेटाएँ, परिवारमा खुसियाली छ ।'

धेरै वर्षपछि घर आइपुगेका धानुकलाई भेट्न आफन्त र छिमेकी आउने क्रम बढेको छ । स्थानीय समाजसेवी भरतबहादुर विष्ट धानुकलाई घरसम्म ल्याउन उनकी धर्म आमाको महत्त्वपूर्ण भूमिका रहेको बताउँछन् । उनले भने, 'उहाँको धर्म आमाको कार्य सरहानीय छ, मानबहादुर धेरै लामो समयपछि घर आइपुग्दा हामी गाउँले खुसी छौं ।' धानुकको दुई छोरा, एक छोरी, श्रीमती, आमा, भाई र भतिजा छन् । *रासस*

# चुमनुब्रीमा जोडियो ७०० धारा



**गोरखा (प्रस)-** उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा 'चुमनुब्री बृहत् योजना' अन्तर्गत ७०० धारा जडान भएका छन् । गण्डकी प्रदेशको 'एक घर एक धारा' अभियानअन्तर्गत चुमनुब्रीमा उक्त योजना लागू भई खानेपानीको धारा जडान भएका हुन् ।

आर्थिक वर्ष २०७७/७८ मा ठेक्का सम्झौता भएको चुमनुब्री बृहत् योजनाको हालसम्मको भौतिक प्रगति ८५ प्रतिशत रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाले जनाएको छ । सो पालिकाको वडा नं २, ३, ४, ५ र ६ मा योजना लागू भएको कार्यालयका सव-इञ्जिनियर दीपक खनालले बताए । उनका अनुसार कार्यालयले योजनाको जिम्मा पराजुली होम निमर्ाण सेवा कम्पनीलाई दिएको थियो । जसअन्तर्गत हालसम्म ७०० घरधुरीमा खानेपानीका धारा जडान भइसकेका छन् ।

योजना सम्पन्न गर्ने म्याद २०८३ असार मसान्तसम्म छ । गाउँपालिकाभर ७०० घरधुरीमा धारा निर्माणका लागि कम्पनीसँग छ करोड ६० लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको थियो । 'पालिकाको पाँच वडाहरूमा गरेर जम्मा ७०० वटा धारा जडान गर्न सम्झौता भएको थियो,' उनले भने, 'जसअन्तर्गत लगभग सबै धारा जडान भइसकेका छन् । छिटोभन्दा छिटो योजना सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको छ ।'

योजनाअन्तर्गत केवल क्रसिङ र केही ठाउँमा पाइपलाइन वितरण बाँकी रहेको उनले बताए । कार्यालयले पूर्वाधार निर्माणको जिम्मा लिए पनि खानेपानीको मुहान सुनिश्चितताको काम स्थानीय सरकारको रहेको उनको भनाइ छ । उनले भने, 'खानेपानी मुहान दर्ताको काम उनहरूले नै हेर्नुहुन्छ । हामीले आवश्यक समन्वय गर्छौं ।'

भौगोलिक विकटताका कारण चुमनुब्रीमा योजना सञ्चालन गर्न असहज भए पनि काम अन्तिम चरणमा पुगेको सवइञ्जिनियर खनालको भनाइ छ । जिल्लामा 'एक घर, एक धारा' कार्यक्रम लागू भएको छ वर्ष बितिसक्दा हिमाल पारीको चुमनुब्री गाउँपालिकामा हालसम्म खानेपानीको अभाव छ । बृहत् खानेपानी योजना सम्पन्न भएसँगै खानेपानीको समस्या समाधान हुने अपेक्षा चुमनुब्रीबासीको छ ।


**बहराइन/कतारमा रोजगार**

कम्पनी : Green City Services W.L.L

पूर्व स्वीकृति मिति : २०८०/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१८ | LT. No. 294839 | चलानी नं. ६०२१००३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 25 | 100 | ३६,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 50 | 25 | 100 | ३६,२३५ | | | | | | | |

कम्पनी : Gaushala For Trading And Contracting And Hospitality And Services

पूर्व स्वीकृति मिति : २०८०/११/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१८ | LT. No. 300552 | चलानी नं. ६०२१५५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 1500 | ५६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 1700 | ६३,८३५ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 1 | 1200 | ४५,०६० | | | | | | | |
| 4 | Executive Sales | 1 | 0 | 2500 | ९३,८७० | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९३,८७० | | | | | | | |
| 6 | General Clean Worker | 3 | 0 | 1200 | ४५,०६० | | | | | | | |
| 7 | General Supervisior | 1 | 1 | 2500 | ९३,८७० | | | | | | | |
| 8 | Heavy Vechicle Driver | 2 | 0 | 2000 | ७५,०९५ | | | | | | | |
| 9 | Labour | 3 | 0 | 1200 | ४५,०६० | | | | | | | |
| 10 | Manager Variety | 1 | 0 | 5700 | २१४,०३० | | | | | | | |
| 11 | Packing Worker | 1 | 0 | 1200 | ४५,०६० | | | | | | | |
| 12 | Salesman | 0 | 1 | 1500 | ५६,३२५ | | | | | | | |
| 13 | Supervisior | 2 | 0 | 2500 | ९३,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २६ गते (8th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1536/078/79
Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com

**युएइमा रोजगार**

कम्पनी : SABAH ALSAFINA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | LT. No. 321409 | चलानी नं.६०२३५४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 13 | 0 | 1200 | ४४,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २६ गते (8th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक

रूपशाला

## 'कमेडी नाइट विथ च्याम्पियन्स' आजबाट

कमेडी शो 'कमेडी नाइट विथ च्याम्पियन्स' आज (मंगलबार) बाट टेलिभिजनमा आउने भएको छ । सोमबार नयाँ बानेश्वरस्थित वान सिनेमाजमा पत्रकारलाई शोको प्रिमिएर गरिएको कमेडी नाइटमा प्रभात लामा, भरतमणि पौडेल, कैलाश कार्की, सन्तोष थापा, पवन भट्टराई, सजन श्रेष्ठ, सुमन कार्की, मेक्सम गौडेल र सुमन कोइरालाले शोमा हास्य प्रस्तुति दिनेछन् । भब्य सेट र संरचनासहित आउन लागेको शोलाई थ्री प्रोडक्सनले निर्माण गरेको हो । हिमालय टिभीमा आउने शोमा अध्यक्षको रूपमा दीपाश्री निरौला देखिँदैछिन् ।




मंगलबार, १९ चैत २०८१ (Tuesday, April 01, 2025)

# आठौं राष्ट्रिय समावेशी म्युजिक अवार्डको मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** पावर ईन्टर नेशनल मिडिया नेपाल (पिम नेपाल) को आयोजनामा सम्पन्न हुन गैरहेको आठौं संस्करणको राष्ट्रिय समावेशी म्यूजिक अवार्ड (निम अवार्ड ) २०२५ को मनोनयन सार्वजनिक भएको छ ।

निम अवार्डको आठौं संस्करणको कार्यक्रमको व्यवस्थापकिय जिम्मेवारी एरा प्रोडक्सन प्रा.लि.ले लिएको छ । विभिन्न भाषाभाषीका गरी कुल ४० विधामा प्रतिस्पर्धामा रहेका कलाकार, श्रष्टा तथा सर्जकहरूलाई अनलाईन भोटिङ प्रकृया र निर्णायकहरूको मतको आधारमा सर्वोत्कृष्ट घोषणा गरी अवार्ड प्रदान गरिने निम अवार्डका कार्यक्रम संयोजक कमला जोशीले बताएकी छिन ।




कार्यक्रमको समापन एक भव्य समारोहको विच बैशाखको दोश्रो हप्ता सम्पन्न हुने भएको छ । उक्त कार्यक्रममा रजत सम्मान, पत्रकारिता पुरस्कारलगायत सम्मान तथा पुरस्कारहरू समेत प्रदान गरिने आयोजकले वताएका छन् ।

निरन्तर आठ वर्षदेखि पूर्व मेचिदेखि पश्चिम महाकाली सम्म देश भित्र र देश बाहिर रहेर नेपालमा बोलीने नेपाली लगायत अन्य विभिन्न भाषा भाषीहरूमा गीत संगीत तथा भिडियोहरू तयार पार्ने श्रष्ठा तथा सर्जकहरूलाई पिम नेपालले प्रोत्साहन स्वरूप समावेशी अवार्डको आयोजना हुँदै आएको आयोजकले बताएका छन् । आठौं राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) को लागि अनलाइन भोटिङ पनि खुल्ला गरिएको छ ।

# 'जनै हराएको बाहुन'बाट सुशांकको कमब्याक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता सुशांक मैनालीले अभिनयमा कमब्याक गर्ने भएका छन् । उनी चलचित्र 'जनै हराएको बाहुन' मार्फत ८ बर्षपछि चलचित्रमा फर्कन लागेका हुन् ।

फिल्म 'साँघुरो'बाट अभिनयमा डेब्यु गरेका उनले यो चलचित्रबाट राष्ट्रिय अवार्ड समेत जितेका थिए । उनी अभिनित पछिल्लो चलचित्र 'जंगे' २०७३ सालमा रिलिज भएको थियो । त्यसअघि उनले 'टलकजंग भर्सेस टुल्के' र 'को आफ्नो'मा काम गरेका थिए ।

'जनै हराएको बाहुन'मा सम्बन्धका धागोहरूलाई केन्द्रमा राखिएको कथा भएकाले अभिनय गर्न लागेको मैनालीले बताए । लामो समय अमेरिका बसेका उनी निर्माता पनि हुन् । उनले निर्माण गरेको चलचित्र 'भूठान' आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

हिमाल न्यौपानेको निर्देशन रहने 'जनै हराएको बाहुन'मा विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरब पहाडी, रेअर राईको पनि अभिनय रहनेछ । चलचित्रले गाउँबाट सहर आएको एक सामान्य व्यक्तिले भोग्नुपरेका अनपेक्षित घटना र त्यसले उसको जीवनमा ल्याएको परिवर्तनको कथालाई समेटेको छ ।

पेपर क्लिपले निर्माण गर्न लागेको चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन् । यसमा थानेश्वर गौतमको संगीत रहनेछ । यही चैत २५ गतेदेखि छायांकन सुरु हुन लागेको चलचित्रको प्रदर्शन मिति हरितालिका तीजको अवसर पारेर आगामी भदौ १० गतेलाई घोषणा गरिएको छ ।

काठमाडौं र पाल्पामा छायांकन हुने चलचित्रमा नवीन गुरुङको छायांकन रहनेछ ।

# दुर्गेशले गाए 'कर्मा'को गीत

■ प्रभाव संवाददाता



**काठमाडौं–** चर्चित गायक दुर्गेश थापाले चलचित्र 'कर्मा'का लागि गीत गाएका छन् । सौरभ चौधरीको लेखन तथा निर्देशन रहेको चलचित्र 'कर्मा'का लागि दुर्गेशले गीत गाएका हुन् । दुर्गेश स्वयंले आफूले कर्माको गीत गाएको जानकारी दिएका छन् ।

केही दिनअगाडि दुर्गेशले रेकर्ड गरेको गीतको आइतबार भिडियो छायांकन भएको छ । दुर्गेशको गीत चलचित्रभित्रै समावेश हुने बताइएको छ । दुर्गेशले गाएको गीतमा चलचित्रका मुख्य कलाकार विपीन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुसाललगायतको अभिनय देखिनेछ । निर्माणपक्षका अनुसार केही दिनमा उक्त गीत सार्वजनिक हुनेछ ।

नयाँ वर्ष २०८२ को छेको पारेर चलचित्र 'कर्मा' आगामी चैत २९ गते रिलिज हुँदै छ । नेपाल र विदेशमा यो चलचित्र एकसाथ रिलिज हुँदैछ ।

यस्तै, निर्माणपक्षले आज साँझ गायक सुशान्त केसीको आवाजमा रहेको 'पागल पागल जस्तै' बोलको गीत सार्वजनिक गर्दैछ ।

गायक केसीले 'कर्मा'मार्फत पाश्र्व गायनमा डेब्यु गरेका हुन् । केही दिनअघि निर्माणपक्षले भिडियो छायांकन गरेको थियो । यस गीतमा उनकै शब्द, संगीत र स्वर छ ।

युवा पुस्तामाझ सुशान्तको लोभलाग्दो क्रेज छ । हम्मेसि अरूका लागि गीत गाउँदैनन् । उनी आफ्नै च्यानलमा मात्रै गाउँदै आएका छन् । उनका हरेक गीत मिलियन्सभन्दा माथि युट् युबमा भ्युज गएका छन् ।

चलचित्र 'कर्मा'मा विपीन र उपासनासँगै मुकुन भुसाल, दिब्यदेब, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालगायतको अभिनय रहेको छ ।

एक्सन जनरामा निर्माण भएको 'कर्मा' ड्रामा, सस्पेन्स र एक्सन जनरामा निर्माण भएको छ । सिनेमाको कथा निर्देशक चौधरी आफैँले लेखेका छन् ।

'कर्मा'ले अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ । चलचित्रमा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र निमेष श्रेष्ठको सम्पादन छ ।

तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको सिनेमामा समीर मियाको भिएफएक्स, उत्तम न्यौपानेको ब्याकग्राउण्ड स्कोर, विजय बश्यालको पब्लिसिटी डिजाइन र राजेन्द्र मोक्तान कलरिस्ट रहेका छन् ।

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने 'कर्मा'मा वसन्त लम्सालको लगानी छ । निर्देशक चौधरीको 'अगस्त्य: च्याप्टर १'ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो ।



इक्वालिटी कप क्रिकेट

# सप्तरी र मोरङको विजयी सुरुआत



■ प्रभाव संवाददाता

**विराटनगर–** सप्तरी र मोरङले चौथो संस्करणको 'इक्वालिटि कप क्रिकेट २०२५' मा विजयी सुरुआत गरेको छ ।

विराटनगर ६ मा रहेको म्यारिलिबोन ज्वाला क्रिकेट ग्राउण्डमा सोमबार भएको पहिलो खेलमा सप्तरीले इलामलाई आठ विकेटले पराजित गरेको हो । टस जितेर ब्याटिङ गरेको इलामले निर्धारित २० ओभरमा ६ विकेट गुमाई ११७ रनको योगफल तयार पारेको थियो । इलामकी प्रियैका राई सर्वाधिक ४१ रन बनाइन् । सप्तरीकी सुस्मिता यादवले सर्वाधिक दुई विकेट लिइन् ।

११८ रनको लक्ष्य पछ्याएको सप्तरीले १४.१ बलमा दुई विकेट गुमाई सो विजयी लक्ष्य पार गरेको थियो । सप्तरीको जितमा प्लेयर अफ द म्याच साक्षी यादवले अविजित ६० रन बनाउँदा बन्दना रजकले पनि अविजित १३ रनको योगदान दिइन् । इलामकी मुना राई र टिकामाया तामाङले १-१ विकेट लिइन् ।

दोस्रो खेलमा मोरङले सिरहालाई सात विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ गरेको सिरहाले निर्धारित २० ओभरको खेलमा १२.२ बलमा सवै विकेट गुमाउँदा ६० रनमा सीमित भयो । सिरहाका कुनै पनि ब्याटरले दोहोरा अंकलाई छुन सकेनन् । मोरङकी प्लेयर अफ म्याच कृतिशा धामीले सर्वाधिक पाँच विकेट लिइन् । उनले चार ओभरमा १६ रन दिएकी थिइन् ।

६१ रनको झिनो लक्ष्य पछ्याएको मोरङले ९.१ बलमा तीन विकेट गुमाउँदै लक्ष्य पार गरेको थियो । मोरङ जितमा सानु राजवंशीले अविजित २८ रन बनाउँदा टिका साहले १५ रन बनाइन् ।

# लायन्स कप भलिबल प्रतियोगिताको विजेताले चार लाख ४४ हजार पाउने




■ प्रभाव संवाददाता

**काठमाडौं–** लायन्स कप भलिबल प्रतियोगितामा तीन विभागीयसहित आठ टोलीले सहभागिता जनाउने भएका छन् । पोखरा रंगशालास्थित मल्टिपर्पोज हल प्रतियोगिता १८ देखि वैशाख २२ गतेसम्म हुने तय छ ।

आयोजक लायन्स इन्टरनेसनल नेपालका अनुसार प्रतियोगितामा नेपालका पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, एपिएफ क्लब र गण्डकी प्रदेश भलिबल संघले सहभागिता जनाउने छन् । यस्तै, पाकिस्तान भलिबल क्लब, इस्लामवादले पनि सहभागिता जनाउने पक्का भइसकेको छ । 'भारत र इरानको टिमसँग सरसल्लाह भइरहेको छ । सम्झौता गर्न बाँकी छ,' डिस्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले भने ।

उनका अनुसार प्रतियोगिताको विजेताले चार लाख ४४ हजार ४४४ रूपैयाँ प्राप्त गर्नेछन् । उपविजेता टोलीले दुई लाख ४४ हजार ४४४ र तेस्रो हुने टोलीले एक लाख ४४ हजार ४४४ रूपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १४ हजार ४४४ र विधागतमा आठ हजार ४४४ रूपैयाँ प्राप्त गर्नेछन् ।

एनएसएल फुटबल

# पोखराविरुद्ध चितवन विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** पोखरा थन्डर्सलाई पराजित गर्दै एफसी चितवनले जितसहित नेपाल सुपर लिग (एनएसएल)को तेस्रो संस्करण सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार सम्पन्न खेलमा चितवनले पोखरा थन्डर्सलाई २-० ले पराजित गरेको हो । यसअघिका दुई भेटमा यसअघि भएका दुई खेलमा पनि पोखराले २-१ र १-० को जित निकालेको थियो । यसपल्ट भने चितवनले इतिहास उल्टाउँदै पहिलो जित निकाल्न सफल भएको हो ।

चितवनको जितमा नोडिर माभलोनोभ र नीरज चौधरीले गोल गरे। जितसँगै चितवनले तीन अंक जोडेको छ । खेलको १४औं मिनेटमै नोडिरको गोलमार्फत चितवनले सुरुआती अग्रता लिएको थियो ।

भिक्टर मानसारायले दिएको बललाई नोडिरले पेनाल्टी बक्स लाइनजिकबाट प्रहार गरेका थिए । प्रिसोले सही दिशामा ड्राइभ लगाए पनि बचाउन सकेनन् ।

त्यसपछि चितवनलाई अर्को गोल गर्न ८० मिनेट कुर्नुपरेको थियो । दोस्रो हाफको इन्जुरी समयको छैटौं मिनेटमा नीरजले चितवनलाई अर्को गोल दिलाए ।

मानसारायले काउन्टर अट्याकमार्फत उपलब्ध गराएको बललाई नीरजले गोल गरे । यसपल्ट पनि प्रिसो सहजै बिट भए ।



बंगलादेशको ढाकामा रहेको राष्ट्रिय मस्जिद बैतुल मुकर्रममा सोमबार ईद अल फित्रको अवसरमा प्रार्थना गर्दै मुस्लिम धर्मावलम्बीहरू । *तस्बिरः सिन्ह्वा*

# ट्रम्पको गाजा योजनाविरूद्ध लड्न हमासको आह्वान

**कायरो, इजिप्ट-** हमासका एक वरिष्ठ अधिकारीले सोमबार विश्वभरका समर्थकलाई हतियार उठाउन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले २० लाखभन्दा बढी गाजावासीलाई इजिप्ट र जोर्डनजस्ता छिमेकी देशमा स्थानान्तरण गर्ने योजनाविरुद्ध लड्न आह्वान गरेका छन् ।

सामी अबु जुहारीले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नरसंहार र भोकमरीको संयोजन गर्ने यो कुटिल योजनाको सामना गर्न विश्वको जुनसुकै कुनामा पनि हतियार बोक्न सक्ने जो कोहीले पनि कदम चाल्नुपर्छ । विष्फोटक पदार्थ, गोली, चक्कु वा ढुंगा नरोक्नुहोस् । सबैले आफ्नो मौनता तोडिदेओस् ।'

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहूले हमासका नेताहरूलाई गाजा छोड्न दिने प्रस्ताव गरेको एक दिनपछि अबु जुहरीले यो आह्वान गरेका हुन् तर गाजामा युद्धको अन्तिम चरणमा प्यालेस्टिनी लडाकू समूहलाई निःशस्त्रीकरण गर्न माग गरेका थिए । उक्त अवसरमा नेतन्याहूले गाजावासीलाई अन्य देशमा विस्थापित गर्ने ट्रम्पको योजनाका लागि इजरायलले काम गरिरहेको बताए ।

नेतन्याहूले युद्धपछि इजरायलले गाजामा समग्र सुरक्षा सुनिश्चित गर्ने र प्यालेस्टिनी क्षेत्रमा बसोबास गर्ने सबै २४ लाख मानिसलाई सामूहिक विस्थापनका लागि आह्वान गरेको ट्रम्प योजनाको कार्यान्वयनलाई सक्षम बनाउने र यसलाई 'स्वेच्छिक आप्रवासन योजना' को संज्ञा दिएका छन् ।

गत जनवरीमा पदभार ग्रहण गरेको केही दिनपछि ट्रम्पले गाजाबाट गाजावासीलाई हटाउन प्रस्ताव गरेका थिए तर यसको अरब राष्ट्रहरूसहित विश्व समुदायबाट विरोधपछि उनले उक्त प्रस्तावको चर्चा गरेका थिएनन् । *रासस/एएफपी*

# म्यान्मामा भूकम्पका कारण उच्चस्तरको आपत्कालीन अवस्था

**जेनेभा-** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले म्यानमामा गएको भूकम्प उच्चस्तरीय आपत्कालीन अवस्था भएको बताउँदै जीवन रक्षा र रोगको प्रकोप रोक्न तत्काल ८० लाख अमेरिकी डलर माग गरेको छ । डब्लुएचओले देशमा सीमित शल्यक्रिया क्षमताका कारण ठूलो संख्यामा हताहत र आघातमा घाइते भएकाहरू संक्रमणको उच्च जोखिममा रहेको बताएको छ । विश्व स्वास्थ्य संगठनले भूकम्पले रोगको जोखिम बढाउने सम्भावना रहेको बताएको छ ।

डब्लुएचओले यस संकटलाई तेस्रो तहको संकटका रूपमा वर्गीकृत गरेको छ, जुन यसको इमर्जेन्सी रेस्पोन्स फ्रेमवर्कअन्तर्गत सक्रियताको उच्चतम स्तर हो,' संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायले कोषका लागि गरेको अपिलमा भनिएको छ ।

म्यान्माको माण्डले सहर नजिकै शुक्रबार ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि ६.७ म्याग्निच्युडको परकम्प गएको थियो । भूकम्पका कारण म्यानमामा एक हजार ७०० भन्दा बढी र छिमेकी मुलुक थाइल्याण्डमा कम्तीमा १८ जनाको मृत्यु भएको छ ।




'प्रारम्भिक आँकलन'ले म्यान्मामा हताहत हुने र आघातसँग सम्बन्धित घाइतेहरूको संख्या उच्च रहेको देखिन्छ । यसलाई आपत्कालीन हेरचाहका लागि तत्काल आवश्यकता पर्दछ । विद्युत् र पानीको आपूर्ति अवरुद्ध भएको छ, स्वास्थ्य सेवाहरूको पहुँच बिग्रिरहेको छ र पानीजन्य र खाद्यजन्य रोगहरूको प्रकोपको जोखिम बढेको छ,' डब्लुएचओले भनेको छ ।

आघातसँग सम्बन्धित चोटहरू हात वा खुट्टा वा शरीरका अन्य भागको हाड भाँचिने, चर्किने, खुला घाउसहित सीमित शल्यचिकित्सा क्षमता र अपर्याप्त संक्रमण रोकथाम र नियन्त्रणको कारण संक्रमण र जटिलताहरूको उच्च जोखिम छ । *रासस/एएफपी*

# व्यापार, सुरक्षा, क्षेत्रीय सहयोगमा केन्द्रित हुँदै छैटौं बिम्सटेक शिखर सम्मेलन

**ढाका-** बंगालको खाडी बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोग पहल (बिम्सटेक) को छैटौं शिखर सम्मेलन अप्रिल ४ मा थाइल्याण्डको बैंककमा 'समृद्ध, लचिलो र खुला बिम्स्टेक' विषयवस्तुमा आयोजना हुने भएको छ । सन् २०२२ मा कोलम्बोमा भर्चुअलरूपमा आयोजित पाँचौं शिखर सम्मेलन भएको तीन वर्षपछि आयोजित यो शिखर सम्मेलनअघि अप्रिल २ मा बिम्सटेक वरिष्ठ अधिकारीहरूको बैठक र अप्रिल ३ मा बिम्सटेक विदेश वा बाह्य मामिला मन्त्रीहरूको बैठक हुने छ ।

विज्ञप्तिअनुसार शिखर सम्मेलनको उद्देश्य साझा सुरक्षा र विकासका चुनौतीहरू सामना गर्न सात सदस्य राष्ट्रहरू- बंगलादेश, भुटान, भारत, म्यान्मा, नेपाल, श्रीलंका र थाइल्याण्डबीच सहकार्यलाई सुदृढ बनाउनु हो। यसमा नेताहरूको दृष्टिकोण र निर्देशनहरू प्रतिविम्बित गर्ने छैटौं बिम्सटेक शिखर सम्मेलन घोषणापत्र र सदस्य राष्ट्रहरूबीच भविष्यको सहयोगका लागि अग्रणी मार्गचित्र बैंकक दृष्टिकोण-२०३० सहितको बलियो एजेण्डा समावेश हुने छ ।

हस्ताक्षरका लागि तय गरिएका प्रमुख सम्झौताहरूमा व्यापार र यात्रा बढाउन बंगालको खाडीमा कार्गो र यात्रु यातायात बढाउने उद्देश्यले समुद्री यातायात सहयोग सम्झौता समावेश छ । यसबाहेक बिमस्टेक र इण्डियन ओसन रिम एसोसिएसन (आइओआरए) का साथै संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) बीच नयाँ विकास साझेदारीको सुरुआतका लागि सहमतिपत्र (एमओयू) मा पनि हस्ताक्षर गरिने छ ।

शिखर सम्मेलनमा क्षेत्रीय सहयोगका लागि संस्थागत ढाँचालाई बलियो बनाउन बिमस्टेक बडापत्रको पूरकका रूपमा बिमस्टेक संयन्त्रका लागि प्रक्रियाका नियमहरू अपनाउने र बिमस्टेकको भविष्यको दिशासम्बन्धी विशिष्ट व्यक्तिहरूको समूहको प्रतिवेदन पनि हुने छ । सन् २०२४ मा छ वटा बैठक र सरोकारवालाहरूसँग परामर्श गरेपछि समूहले सन् २०२४ सेप्टेम्बरमा आफ्ना सिफारिसहरूलाई अन्तिम रूप दिएको छ र सदस्य राष्ट्रहरूले पहिले नै कार्यान्वयन कदमहरू सुरु गरिसकेका छन् ।

द्रुतरूपमा परिवर्तन भइरहेको विश्वव्यापी राजनीतिक र आर्थिक परि दृश्यको सन्दर्भमा छैटौं बिम्स्टेक शिखर सम्मेलनले सुरक्षा र दिगो विकासका चुनौतीहरूलाई सम्बोधन गर्न सहयोगलाई बढावा दिँदै बंगालको खाडीमा एकमात्र क्षेत्रीय निकायका रूपमा संगठनको भूमिकालाई सुदृढ पार्ने अपेक्षा गरिएको छ । पाँच दक्षिण एसियाली र दुई दक्षिण-पूर्वी एसियाली राष्ट्रलाई एकसाथ ल्याउँदै बिम्सटेक एक गतिशील क्षेत्रीय संस्थाको रूपमा उदय हुने सम्भावना रहेको छ ।

सन् १९९७ जुनमा स्थापना भएदेखि बिम्सटेकले पाँचवटा शिखर सम्मेलन-बैंकक (२००४), नयाँदिल्ली (२००८), ने पी ताव (२०१४), काठमाडौं (२०१८) र कोलम्बो (२०२२)- आयोजना गरिसकेको छ ।

आगामी शिखर सम्मेलनले कृषि र खाद्य सुरक्षा, कनेक्टिभिटी, वातावरण र जलवायु परिवर्तन, जनता-जनता सम्पर्क, विज्ञान, प्रविधि र नवप्रवर्तन, सुरक्षा र व्यापार, लगानी र विकास, नीलो अर्थतन्त्र र विपद् व्यवस्थापन लगायत आठ उपक्षेत्रसहित सात प्रमुख क्षेत्रमा यसको भविष्यको एजेण्डालाई आकार दिन महत्त्वपूर्ण क्षणलाई चिह्नित गर्दछ । *रासस/एएनआई*

## ट्रम्पलाई इरानी सर्वोच्च नेता खामेनीको चेतावनी

# 'आक्रमण गरे कडा जवाफ दिइन्छ'



**तेहरान-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चेतावनीपछि इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले इरानमाथि आक्रमण गरिए कडा प्रतिकार गर्ने बताएका छन् । 'उनीहरूले हानि पुर्‍याउने धम्की दिएका छन्,' नेता खामेनीले मुस्लिमहरूको रोजा महिना रमजानको अन्त्यको उपलक्ष्यमा ईद अल-फित्रको अवसरमा एक भाषणको क्रममा ट्रम्पको पछिल्लो चेतावाजीबारे भने, 'यदि यो गरियो भने, उनीहरूले निश्चित रूपमा कडा जवाफी हमला प्राप्त गर्ने छन् ।'

शनिबार एक अन्तर्वार्तामा ट्रम्पले इरानले आफ्नो आणविक कार्यक्रमबारे कुनै सम्झौता नगरेमा उसमाथि बम प्रहार गरिने बताएका थिए । 'यदि उनीहरूले सम्झौता गरेनन् भने त्यहाँ बमबारी हुने छ,' एनबिसी न्युजले ट्रम्पलाई उद्धृत गर्दै लेखेको छ । ट्रम्पले इरानलाई 'अतिरिक्त कर'को सजाय दिने चेतावनी पनि दिएका छन् । यद्यपि, ट्रम्पले अमेरिकाले सीधै अमेरिकी विमानबाट बमबारी गर्ने धम्की दिएका थिए वा इजरायलसँगको समन्वयमा आक्रमण गर्ने चेतावनी दिएका थिए भन्ने समाचारमा खुलेको छैन ।

गत जनवरीमा पदभार ग्रहण गरेदेखि नै ट्रम्पले इरानमाथि 'अधिकतम दबाब' अभियान पुनः सुरु गरेका छन् । आफ्नो पहिलो कार्यकालमा उक्त नीतिअन्तर्गत ट्रम्पले सन् २०१८ मा इरानको आणविक कार्यक्रमसम्बन्धी ऐतिहासिक सम्झौताबाट अमेरिकालाई फिर्ता भएको घोषणा गरेका थिए भने त्यसपछि तेहरानमाथि पुनः कडा प्रतिबन्ध लगाएका थिए ।

संयुक्त राज्य अमेरिकालगायत पश्चिमा देशहरूले लामो समयदेखि इरानले आणविक हतियारको पछि लागेको आरोप लगाउँदै आएका छन् । यसलाई तेहरानले अस्वीकार गर्दै आएको छ । तेहरान र विश्व शक्तिराष्ट्रहरूबीच सन् २०१५ मा भएको उक्त सम्झौतामा इरानले आफ्नो आणविक महत्त्वाकांक्षालाई सीमित गर्न आवश्यक थियो । गत मार्च ७ मा ट्रम्पले खामेनीलाई आणविक वार्ताका लागि आह्वान गर्न पत्र लेखेका थिए र तेहरानले नमाने सैन्य कारबाही हुनसक्ने चेतावनी दिएका थिए । संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपतिका सल्लाहकार अनवर गार्गाशले मार्च १२ मा तेहरानलाई उक्त पत्र पठाएका थिए । बिहीबार इरानी विदेशमन्त्री अब्बास अराघचीले ट्रम्पको पत्रको जवाफ ओमानलाई दिइसकेको बताएका थिए ।

अराघचीले 'अधिकतम दबाब र सैन्य कारबाहीको धम्कीमा' संयुक्त राज्य अमेरिकासँग प्रत्यक्षरूपमा वार्तामा संलग्न हुन नचाहने इरानको अडानलाई कायम राख्दै 'अप्रत्यक्ष वार्ता'का लागि ढोका खुला रहेको बताए । ओमानले सन् १९७९ को इस्लामी क्रान्तिपछि अमेरिका र इरानी कूटनीतिक सम्बन्ध टुटेको अवस्थामा विगतमा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै आएको छ ।

पश्चिमा मुलुकहरूले इरानले यस क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्न आतंकवादी संगठनका रूपमा व्यापक रूपमा प्रतिबन्धित छद्म शक्तिहरू प्रयोग गरेको आरोप पनि लगाउँदै आएका छन् । इरानले इजरायलविरुद्ध तथाकथित 'प्रतिरोधको धुरी'को नेतृत्व गरिरहेको छ । यसका लागि प्यालेस्टिनी भूभागमा हमास, लेबनानमा हिजबुल्लाह, यमनमा हुथी विद्रोही र इराकमा सशस्त्र समूहहरूलाई सहयोग गर्दै आएको छ ।

'यस क्षेत्रमा एउटा मात्र छद्म बल छ र त्यो भ्रष्ट यहूदी शासन हो,' खामेनीले भने । उनले इजरायललाई 'उन्मूलन' गर्ने बताए । इरानले उसको कट्टर शत्रु इजरायल र यस क्षेत्रमा संयुक्त राज्य अमेरिकाको मुख्य सहयोगीलाई मान्यता दिँदैन र बारम्बार यसको विरुद्ध आक्रमणको आह्वान गर्दछ । *रासस/एएफपी*

# ट्रम्पको आप्रवासन नीतिविरूद्ध प्रदर्शन

**डलास, संयुक्त राज्य अमेरिका-** राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासन नीतिप्रति असन्तुष्टि जनाउँदै सोमबार डलासमा विरोध प्रदर्शन भएको सिएनएनले जनाएको छ । प्रदर्शनकारीले आप्रवासन अधिकारीद्वारा सुरक्षा नियन्त्रणमा लिएका विद्यार्थीको रिहाइको माग पनि गरेका छन् ।

सिएनएनका अनुसार विरोधमा सहभागीहरूले एकता र देशभक्तिको प्रतीकको रूपमा अमेरिकी झण्डा बोकेका थिए भने केहीले महमुद खलिल, खान सूरी र रुमेसा ओजतुर्कका प्रतीक बोकेका थिए । ट्रम्प सरकारले आतंकवादी संगठनसँग सम्बन्धित गतिविधिको आरोपमा केही विद्यार्थीलाई गिरफ्तार गरेको विरोधमा भएको प्रदर्शनमा व्यापक सहभागिता देखिन्थ्यो ।

'लिग अफ युनाइटेड ल्याटिन अमेरिकन सिटिजन्स'का पूर्वराष्ट्रिय अध्यक्ष हेक्टर फ्लोर्सले विरोध प्रदर्शनलाई सम्बोधन गर्दै वास्तुकला, कला, खाना, स्वास्थ्य सेवा, शिक्षा र विज्ञान लगायत विभिन्न क्षेत्रमा ल्याटिनहरूको योगदानबारे चर्चा गरेका थिए । उनले भने, 'ल्याटिनहरू अमेरिकाको मेरुदण्ड हुन् ।'

दोस्रो कार्यकालमा आफ्नो अभियानको दृढ योजनाको रूपरेखा प्रस्तुत गर्दै राष्ट्रपति ट्रम्पले अघि सारेका आप्रवासन अधिकारलगायतका नीतिगत परिवर्तनबारे न्याय हुनुपर्ने फ्लोर्सले बताए । ट्रम्पले आप्रवासन नीतिलाई संशोधन गरी जन्मसिद्ध नागरिकतालाई हटाउने प्रयास गरेपछि अमेरिकी प्राज्ञहरूलेसमेत यसलाई असवैधानिक निर्णय भनेका छन् । *रासस/एएनआई*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(सूचना प्रकाशित मिति २०८१/१२/१९ गते)*

यस सेन्टरबाट आ.व.०८१/०८२ मा मिति २०८१/०९/२३ गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको विद्युतीय बोलपत्रअन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल वमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/19-081/82 | Supply and Delivery of Oxygen Related Goods | दाजुभाई सप्लार्यस एण्ड सर्जिकल ईन्टरप्राइजेज, बानेश्वर काठमाडौं | रु.२६,८६,५७५-/ (अक्षरेपी छब्बिस लाख छयासी हजार पाँच सय पचहत्तर रूपैयाँ मात्र मू.अ.कर सहित) |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं.** ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८र९८४२६३५८१५ । **लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं.** ४३६४७१। **ध्रुवको पसल- डिल्लीबजार, फोन नं.** ४४३९२०१। **Reach-mond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७७९०० | प्रति तोला – ० | प्रति तोला – २०३५ |



**खेती स्याहार्ने चटारो** | नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–३ भोक्रेफाँटमा परम्परागत तरिकाबाट गहुँ झार्दै किसान ।

*तस्बिरः टेकराज पोखरेल/रासस*

# व्यावसायिक विद्युत् उत्पादन समय थप्न इप्पानको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले आन्तरिक तथा बाह्य निकायले दिने अनुमतिमा ढिलाइ हुँदा जलविद्युत आयोजनाको निर्माण समयमै सम्पन्न हुन नसके विद्युत् प्राधिकरणले सहज रूपमा आरसीओडी थप गर्नुपर्ने माग गरेको छ ।

सोमबार विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई भेटेर बधाई दिँदै इप्पानले यस्तो माग गरेको हो । इप्पानले विद्युत् प्राधिकरणले आयोजनाहरूको व्यावसायिक विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसीओड) थप गर्न लचिलो बन्न आग्रह गरेको छ ।

कार्यकारी निर्देशक शाक्यसँगको भेटमा इप्पान अध्यक्ष गणेश कार्कीले जलविद्युत आयोजनाहरूले वन मन्त्रालयबाट रुख कटानको अनुमति नपाउँदा तथा भारतबाट विस्फोटक पदार्थ आयातको अनुमति नपाउँदा तोकिएको समयमा विद्युत् उत्पादन गर्न असमर्थ भए सहज रूपमा व्यावसायिक विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसीओडी) थप गर्न आग्रह गरे ।

उनले सरकारी निकायले दिने अनुमतिमा ढिलाइका कारणले आयोजना निर्माण ढिलो भएको अवस्थामा प्राधिकरणले आरसीओडी सहजरूपमा थप गर्न सकिने विषयलाई विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) मै उल्लेख गरेर जानुपर्ने बताए । उनले प्राधिकरणले आरसीओडी



थप नगरेका कारण बैंक तथा वित्तीय संस्थाबाट थप ऋण प्रवाह रोकेर त्यही मितिबाट विद्युत् उत्पादन भएको मानेर बत्ती नबलेका आयोजनालाई सावा ब्याज तिर्न निर्देशन हुन थालेको तर्फ पनि शाक्यको ध्यानाकर्षण गराए । २८ हजार ५०० मेगावाटको लक्ष्य प्राप्तिका लागि तत्काल पीपीए खुला गरेर सरकार अघि बढ्नुपर्ने पनि कार्कीले बताए ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहन कुमार डाँगीले निजी क्षेत्र सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने लक्ष्य प्राप्तिका लागि हातेमालो गर्न तयार रहेको बताए । इप्पानसँगको भेटमा विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले वर्षायामको ६ महिना आरसीओडी भन्दा ढिलो विद्युत् उत्पादन भए पनि पेनाल्टी नलाग्ने व्यवस्था गर्न प्रयास गरिने बताए ।

इप्पानले सबै आयोजनाको २ वर्ष म्याद थप गर्न आग्रह गरेकोमा त्यसको लागि नेपाल सरकारले नै निर्णय गर्नुपर्ने बताए । उनले आयोजनाका विशेष खालका समस्या (वनको स्वीकृतिमा ढिलाइ, विस्फोटक पदार्थ अभावलगायत) हेरेर आरसीओडी म्याद थप गर्ने कुरामा आफू सकारात्मक रहेको शाक्यले बताए ।

अव निजी क्षेत्रले पनि नदी प्रवाही आयोजना भन्दा २/४ घण्टा भए पनि पिकिङ क्षमता भएका अर्धजलाशययुक्त आयोजना निर्माणमै केन्द्रित हुनुपर्ने शाक्यको भनाइछ । त्यसका लागि पिक समयको पीपीए दर पनि परिमार्जनका लागि छलफल गर्न सकिने उनले बताए । इपानले जलवायु परिवर्तनका कारण हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने माग गरेकोमा शाक्यले ग्रिडको अनुशासन पालना हुने गरी पेनाल्टीको व्यवस्था पुनर्मूल्यांकन गर्न सकिने बताए ।

# 'पर्यटन प्रवर्द्धनमा होटल व्यवसायीको भूमिका महत्त्वपूर्ण'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मुलुकको आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक होटल व्यवसायी संघले नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा यहाँ आयोजित शुभकामना आदानप्रदानका अवसरमा उनले आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा साना तथा मझौला होटल व्यवसायीको महत्वपूर्ण भूमिका रहेको बताएका हुन् ।

महामन्त्री थापाले कोरोनाबाट थला परेको नेपालको होटल क्षेत्रलाई आगामी आर्थिक वर्षको बजेटले सम्बोधन गर्नुपर्ने उल्लेख गरे । लगानीको वातावरण निर्माणमा सरकार लाग्नुपर्ने उनको भनाइ थियो । कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमन्त्री सीता गुरुङले व्यवसायसँगै राजनीतिलाई अगाडि बढाउन लोकतान्त्रिक होटल व्यवसायी संघले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे । लोकतन्त्रवादी होटल व्यवसायी एकताबद्ध भएर अगाडि बढेमात्र लोकतन्त्रलाई जोगाउन सकिने उनको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य एवं शुभेच्छुक संस्था समन्वय विभागका संयोजक अब्दुल सत्तारले पार्टीले निर्धारण गरेकै मितिमा लोकतान्त्रिक होटल संघको अधिवेशन सम्पन्न गर्नुपर्ने बताए । व्यवसायीको समस्या समाधान गर्न कांग्रेस प्रतिवद्ध रहेको उनको भनाइ थियो ।

कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महरले पर्यटन प्रवर्द्धनको क्षेत्रमा नेपालको होटल क्षेत्रले महत्वपूर्ण योगदान दिएको उल्लेख गरे । होटल क्षेत्रले नेपालको अर्थतन्त्रमा सहयोग गरेको उनको भनाइ थियो । कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले देशभर बसाइँसराइको दर भयावह बन्दै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले देशमा रोजगारी सिर्जना गर्न होटल व्यवसायीले खेलेको भूमिका सराहनीय रहेको बताए ।

कांग्रेस काठमाडौँका सभापति सबुजकृष्ण बानियाँले कांग्रेसले व्यवसायीको संरक्षण गर्न लाग्नुपर्ने बताए । कांग्रेसको शुभेच्छुक संस्थाका रूपमा स्थापना भएको लोकतान्त्रिक साना होटल व्यवसायी संघले हाल देशभरका ४१ जिल्लामा आफ्नो जिल्ला शाखा गठन गरिसकेको संघका अध्यक्ष लीलाप्रसाद ढकालले बताए ।

# काम नगर्ने व्यवसायीलाई कारबाही गर्न निर्देशन

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयको परिपत्रअनुसार काम नगर्ने व्यवसायीलाई कारबाही गर्न निर्देशन दिएका छन् ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा चालु आर्थिक वर्षको दोस्रो चौमासिक प्रगति समीक्षा कार्यक्रममा उनले काम नगर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण सुरु गराउन पहल गर्न निर्देशन दिए । उनले चालु आर्थिक वर्षभन्दा अगाडि रोकिएका बहुवर्षीय नियमित योजना सञ्चालन गर्न बहानाबाजी, ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई सम्पर्क गरी निर्माण कार्य सुरु गर्न आग्रह गरे ।

मन्त्रालयबाट गरिएको परिपत्रअनुसार काम अगाडि नबढाएमा निर्माण व्यवसायीलाई लिखित रूपमा कारबाहीका प्रक्रिया अगाडि बढाउन उनले निर्देशन दिए । प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा भौतिकतर्फ ४५ प्रतिशत र वित्तीयतर्फ ३१.१५ प्रतिशत प्रगति देखिएको छ ।

चालु आवको वार्षिक विकास कार्यक्रममा समावेश योजनालाई समयमा सम्पन्न गर्नुपर्ने बताउँदै मन्त्री केसीले कुनै योजनाको ठेक्का प्रक्रिया बाँकी भए चैत मसान्तभित्र ठेक्का सम्झौता गर्न निर्देशन दिए । वार्षिक गोष्ठीमा आउँदा कम्तीमा ८० प्रतिशत प्रगति हासिल हुने गरी कार्य गर्नुपर्ने उनको भनाइ थियो ।

# मकै छोडेर कफीखेतीमा महाभारतका किसान

**धुलिखेल (काभ्रेपलाञ्चोक)–** यहाँको महाभारत गाउँपालिका-५ मुख्य टोलका नीरज पुलामीले कफीखेतीबाट आम्दानी लिन थालेको तीन वर्ष भयो । मकैको तुलनामा कफी खेतीबाट धेरै आम्दानी हुने भएपछि अहिले उनी मकै छाडेर कफी खेतीमा लागेका छन् ।

यसअघि उनी मकै खेतीको भरमा थिए । तीन वर्ष अगाडि छ सय बोट कफी रोपेर खेती सुरु गरेका उनले हाल नयाँ बोटहरू रोप्ने तयारीमा बारीभरि खाल्डो खनेका छन् । 'यसवर्ष मात्रै चार सय किलो फल्यो', उनले भने, 'केही बिक्री भयो, केही बाँकी छ ।' दाजुभाईकोसहित गरेर उनीहरूले १८ रोपनीमा कफी लगाएका छन् । कफी काँचो प्रति केजी रु एक सय ३० र सफा गरेर सुकाएपछि रु आठ सय ३० सम्ममा बिक्री गरेको उनले उनले बताए ।

करिब १० वर्ष अगाडिदेखि थोरै मात्रामा कफी खेती सुरु गर्नुभएका सोही गाउँका अर्का किसान लालबहादुर मोक्तानले पनि मकै खेतीभन्दा कफीबाट राम्रो आम्दानी भएपछि कफी खेतीलाई प्राथमिकता दिएका छन् । स्थानीय सरकारले सिँचाइको व्यवस्था गरिदिएमा अझ उत्पादन वृद्धि गर्न सकिने मोक्तानको भनाइ छ ।

नीरज र लालबहादुर मात्रै होइनन् । यहाँका अधिकांश किसान कफीखेतीतर्फ आकर्षित भएका छन् । उत्पादन भएको कफी बिक्रीका लागि बजारसम्म धाउनु नपर्ने, घरमै खरिद गर्न व्यापारी आउने भएकाले पनि जिविकोपार्जनमा टेवा पुगेको स्थानीय कान्छा ब्लोन बताउँछन् । मकैले खाद्यान्नका रूपमा मात्रै धान्ने गरेकामा कफीबाट नगद प्राप्त गर्न सकिने भएकाले मकैभन्दा कफी सबैको रोजाइ बन्न थालेको उनले बताए ।

महाभारत गाउँपालिका-४ कोलटार लामागाउँका जगतबहादुर र शंखलाल थोकरले कफी खेती गरेर वार्षिक रु १५ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

वडा नं. ५ का वडाध्यक्ष विजय राना मगरले किसानहरूले कफी खेतीमा चासो दिनथालेपछि कफी उत्पादनलाई अभियानकै रूपमा अगाडी बढाएको बताए । त्यसमा सिँचाइको आवश्यक भएकाले गाउँपालिका र प्रदेश सरकारले सहयोग गरेमा यहाँको किसानको जीवनस्तर परिवर्तन गर्न सकिने उनको भनाइ छ ।

महाभारत साना किसान कृषि सहकारी संस्था लिमिटेडले कफीका लागि आवश्यक तालिम, प्रशोधन गर्ने मेसिन, सुकाउने तारजाली, त्रिपाललगायतका सामग्री सहयोग गर्दै आएको संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले बताए ।

महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले गाउँपालिकाले किसानको आर्थिक उपार्जनमा सहयोग पुऱ्याउने गतिलो माध्यम कफी खेती भएकाले पालिकाले अनुदानमा खेतीलाई व्यवसायीकरण गर्दै लगेको बताए । डाँडापारिको जनताको लागि पहिलो आवश्यकता बाटो र बिजुली रहेकामा त्यसलाई पूरा गरेर हाल नागरिकको जीवनस्तर माथि उठाउन कफी उत्पादनमा जोड दिएको र बिरुवा वितरण, प्रशोधन उपकरणलगायत अन्य सामग्री वितरण गर्दै आएको उनले बताए ।

कफी खेतीलाई वृद्धि गर्न पालिकाको 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ २० को नोट' अभियान चलाएको र सो विवरण कृषि शाखामा पेस गरेर एक बोट बराबर रु २० का दरले अनुदान दिँदै आएको उनको भनाइ छ । सोही योजनाअनुसार वडा नं. ५ मा कफी उत्पादन अभियानलाई प्रभावकारी बनाउन बागमती प्रदेश सरकारसँगको साझेदारीमा 'समुदायमा आधारित एक वडा, एक उत्पादन' कार्यक्रम लागू गरिसकेको उनले बताए ।

कृषि विकास कार्यालय प्रमुख कुलप्रसाद दवाडीले महाभारत गाउँपालिकामा गत वर्षबाट सामुदायमा आधारित एक वडा, एक उत्पादन कार्यक्रम सञ्चालन हुँदै आएकामा यसवर्ष कफी उत्पादनको क्षेत्रमा उत्पादन गुणस्तर र उत्पादकत्व वृद्धिका लागि कफी प्रशोधन प्रविधि विषयक तालिम प्रदान गरिएको बताए । महाभारत गाउँपालिकामा कफी उत्पादनको काम सम्झौता गरेर कार्यान्वयनको चरणमा अगाडि बढाइसकेको र खानीखोला गाउँपालिकामा सम्झौताको चरणमा रहेको उनले जानकारी दिए ।

यस वर्ष मात्रै ४० हजार कफीको विरुवा वितरण गर्ने र गरिरहेको खेतीलाई प्रविधिमैत्री बनाएर गुणस्तरीय कफी उत्पादनमा जोड दिने कृषि कार्यालयले जनाएको छ । त्यसका लागि किसानलाई पलपर मेसिन, सुकाउनका लागि त्रिपाल वितरण र कफीमा देखिने रोगका समस्या समाधानका लागि तालिम दिइरहेको कार्यालय प्रमुख दवाडीको भनाइ छ ।

यसवर्ष सो वडामा प्रदेश सरकारको रु ३० लाख, गाउँपालिका र किसानको १०/१० लागत गरी रु ५० लाख लागत साझेदारीमा कफी प्रशोधनमा प्रविधिको प्रयोग र सामग्री वितरण भइरहेको छ । *रासस*

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ्य र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारिरीक रूपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौलासम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

**स्वस्थ र दीर्घ जीवन बाचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ